
बौद्ध मासिक

# धर्म चक्षु



पोखराको विश्वशान्ति स्तूप

# DHARMA CHAKSHU

मूल्य रू. १५/-

कार्तिक १५ गते तदनुसार नोभेम्बर १ मा

**विश्व शान्तिस्तूपमा हुने**

वार्षिक पूजाको

**हार्दिक सफलताको कामना गर्दछौं ।**

**अनगारिका धर्मशिलाको** २७ औं पुण्य तिथिको उपलक्ष्यमा गुरुमा प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं

**र**

गुरुमाको स्मृतिमा स्थापित **धर्मशिला विद्धत वृत्ति** प्राप्त गर्नुहुने **भिक्षु सुशीललाई** हार्दिक बधाई ज्ञापन गरी उहाँको उत्तरोत्तर उन्नति र प्रगतिको लागि हार्दिक शुभकामना ब्यक्त गर्दछौं ।

**कृष्ण बहादुर गुरुङ्ग**

**सभापति**

**तथा विश्वशान्ति स्तूप समिति परिवार**

**अनदु, कास्की पोखरा**

Wondershare PDFelement

# धर्म चक्षु

THE DHARMA CHAKSHU
A Buddhist Monthly
Pokhara, Nepal
**September: 2003**
धर्मशिला बुद्ध विहार, पोखरा

वर्ष - ७, अङ्ग ५, पूर्णाङ्ग - २९
कार्तिक- २०६०

**प्रकाशक/प्रधान सम्पादक**
भिक्षु श्रद्धानन्द, फोन नं :- ५२०५१७

**सम्पादक**
तिलकमान गुभाजू

**व्यवस्थापक**
अनागारिका कर्मशिला
(संस्थापिका, धर्मशिला विद्वत वृत्ति)

**सह व्यवस्थापक**
युवा बौद्ध संघ
(विकाशरत्न शाक्य, चेतन सिं ताङ्वे, बलराम लामा)

**काठमाडौं प्रतिनिधि**
सविता धाख्वा

**सहयोगीहरु**
याम कुमारी गुरुङ, बलबहादुर अधिकारी, सनकमान सी.के.

**सम्पर्क कार्यालय**
१४४ - नयाँ बजार, पोखरा - ८
फोन नं. :- ५२०२४६

**कम्प्यूटर सेटिङ्ग**
अनुप बज्राचार्य र आलोक खड्का

**मुद्रण**
हिमालय अफसेट प्रेस, नयाँ बजार

धर्म चक्षुको यो अंक विश्व शान्तिस्तूप समितिद्वारा प्रायोजित गरिएको हो।


सम्पादकीय.........................

## बौद्ध दृष्टिमा विशेष महत्वको साता

यो साता पोखराका बौद्धहरुका लागि विशेष किसिमको रहेको छ। विश्वशान्ति स्तूपमा पूजा, अनगारिका धर्मशीला गुरुमाको १७ औं बार्षिक पुण्य तिथि, उहाँको स्मृतिमा स्थापित "धर्मशिला विद्वत वृत्ति" प्रदान गरिने र वर्षावाषको उपलक्ष्यमा कठिन चिवर दान आदि कार्यक्रम रहेकाले यो साता विशेष भएको छ।

विश्वशान्ति स्तूप पोखराको एक गौरव भएको छ। यसले यहाँको धार्मिक महत्व मात्र बढाएको होइन, सामाजिक र पर्यटकीय दृष्टिले पनि यो महत्वपूर्ण भएको छ। यो स्तूपले शान्तिप्रिय नेपाल-जापानका जनताका बीचको सम्बन्धमा एउटा आयाम थप गरेको छ। कार्तिक १५ गते स्तूपको पाँचौं वार्षिक पूजा भएकाले र पूजामा जापान र नेपालका भिक्षु, अनगारिका, बौद्ध उपासक उपासिकाहरु सम्मिलित भै पूजा गरिने भएकाले यो दिन विशेष महत्वको रहेको छ। हामी सो पूजाको सफलताका लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं।

धर्मशिला बुद्ध बिहारमा भिक्षु श्रद्धानन्द वर्षावास बस्नु भएको उपलक्ष्यमा १७ गते कठीन चिवर दानको कार्यक्रम रहेको छ। बुद्धधर्ममा कठिन चिवरदानको आफ्नै महत्व छ। त्यसमा पनि वरिष्ठतम भिक्षुहरु कुमार काश्यप महास्थविर र भारतका भिक्षु ज्ञानेश्वर महास्थविरको उपस्थितिले यसको महत्व अरु बढाएको छ।

वरिष्ठतम भिक्षुहरुको उपस्थितिमा नै धर्मशिला विद्वत वृत्ति यस पटक काठमाण्डौ भृकुटी मण्डपका भिक्षु सुशीललाई प्रदान गरिने भएको छ। विद्वत वृत्ति बुद्धधर्मको अध्ययन, अनुसन्धान र खोजीका लागि प्रदान गरिन्छ। यो वृत्ति पाउने व्यक्तिले एक वर्षसम्म तोकिएको ठाउँमा र समयमा प्रवचन दिने र गोष्ठी आदिमा कार्यपत्र प्रस्तुत गर्नुपर्ने प्राबधान राखिएको छ। पहिलो पटक सो वृत्ति पाउनु हुने भिक्षु कोण्डन्यले सफलता साथ आफ्नो जिम्मेवारी पूरा गर्नु भएको थियो भने भिक्षु सुशीलबाट पनि बुद्धधर्म प्रचार-प्रसारमा त्यस्तै गहन जिम्मेवारीको अपेक्षा गरिएको छ।

अनगारिका धर्मशिला गुरुमाको देहावसान भएको १७ वर्ष भएको छ। तैपनि हामीहरुमा उहाँको याद र स्मृति ताजा नै छ र हामी सबै उहाँलाई यसरी नै सम्झिरहन सकौं यही कामना गर्दछौं र अन्तमा उहाँप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं।

## श्रद्धेय अनगारिका धर्मशिलाको १७ औं पुण्य तिथिको उपलक्ष्यमा गुरुमाप्रति श्रद्धा सुमन अर्पण गरी उहाँको नाममा स्थापित

## धर्मशिला विद्वत वृत्ति प्राप्त गर्नुहुने भिक्षु सुशीललाई हार्दिक शुभकामना ज्ञापन गर्दछौं ।

**श्रीमती चिनीमाया राजभण्डारी**
माटिपानी,
पोखरा

**श्रीमती नारायणदेवी शाक्य**
तेर्सापट्टी, पोखरा
फोन नं: ५२०१७२

**श्रीमती उत्तर कुमारी पालिखे**
पालिखे चोक,
पोखरा

**श्रीमती हेमलक्ष्मी बुद्धाचार्य**
मोहरिया टोल, पोखरा
फोन नं: ५२२३१५

**श्रीमती तुमला बुद्धाचार्य**
मोहरिया टोल, पोखरा
फोन नं: ५२३९२१

**श्रीमती चन्द्रलक्ष्मी बुद्धाचार्य**
मोहरिया टोल, पोखरा
फोन नं: ५२०३९५

# बौद्ध दर्शनमा परित्राण के हो ?

भिक्षु संघरक्षित 'सद्धम्म कोविद'

नजाने-नबुझ्नेकाहरुका लागि, श्रद्धा र आस्था नहुनेहरुका निम्ति परित्राण के हो, कुन चरीको नाम हो, केही मतलब छैन । तर, बुझ्नेकाहरुका लागि परित्राण जीवनकै एउटा अभिन्न अंगका रुपमा बसिसकेको छ- हाम्रो समाजमा ।

आज आएर वैज्ञानिकहरु भन्ने गर्छन- मानिसमा ९० प्रतिशत भन्दा बढी रोगहरु त मानसिक कारणले गर्दा नै उत्पन्न हुने गर्दछन् । अहिले भर्खरै मात्र विकास भएको जीव रसायन शास्त्रले पनि अनुसन्धान गरीराखेको छ, डण्डीफोर, झाडापखालादेखि क्यान्सर सम्मका रोगहरु पनि मनको असन्तुलनले गर्दा नै हुने गर्दछ ।

परित्राण बुद्धवचनहरुको पवित्र पौको हो । परित्राण पाठ गर्दा एक किसिमले त्यो वातावरण नै शुद्ध र शान्तिको तरंगले व्याप्त हुने गर्दछ । त्यसको सम्पर्कमा पुग्ने मानिसहरुको मनलाई आनन्दित पार्दछ । मनलाई एकाग्र बनाउँछ । मनभित्रका अनेक मानसिक रोगहरुलाई पनि हटाइदिन्छ । मानसिक शक्ति सवल र सुदृढ भएको कारणले मानिसको रोग त्यत्तिकै कम हुँदै जाने सत्यलाई आधुनिक चिकित्सा विज्ञानले पनि अत्यधिक रुपमा मान्यता दिइराखेको उदाहरण प्रशस्त छन् । बौद्ध विद्वान, सुप्रसिद्ध ग्रन्थकार आर.वि. वन्द्य बताउनुहुन्छ ।

परित्राण बौद्ध विश्वास हो । जीवनमा आइरहने विभिन्न प्रकारका भय-अन्तराय, रोग तथा अनिष्टभावहरुबाट रक्षा गराउनको निमित्त नै परित्राण पाठ सुन्ने र गर्ने गरिन्छ ।

परित्राणलाई लिएर बौद्ध विद्वान दुण्डबहादुर वज्राचार्य भन्नुहुन्छ- "कर्म र कर्मफलमा विश्वास हुने हरेक बौद्धहरुले परित्राण धारण र पालन गर्नुपर्दछ । परित्राणले मानव जीवनमा आध्यात्मिक सुख र शान्ति ल्याउने गर्दछ भन्ने कुरामा म आफैले सुनेको मात्र होइन, प्रत्यक्षतः देखेको र अनुभव गरेको कुरा हो " ।

'परित्राण'लाई 'सूत्र' पनि भनिन्छ । 'सूत्र'को नेपाली अर्थ धागो हो । जसरी धागोले राम्रा-राम्रा फूलहरुलाई एकै ठाउँमा उनेर राम्रो माला बनाउने हो, त्यसरी नै भगवान् बुद्धले बहुजन हिताय बहुजन सुखायका निम्ति ४५ वर्षसम्म गाउँ-गाउँमा, नगर-नगरमा, जनपद-जनपदमा, देश-देशान्तरमा उपदेश गरिराख्नुभएको, आदि, मध्य र अन्तपर्यन्त कल्याण हुने उपदेश धर्मलाई सारसंक्षेपमा एकै ठाउँमा संग्रहित गरिएको सूत्र नै परित्राण हो ।

परित्राणले मानव जीवनमा आइरहने अनेक रोग, शोक र भयलाई हटाउने गर्दछ । त्यतिमात्र होइन, परित्राणलाई चिन्तन मनन गरी व्यवहारमा उतार्न सकेमा सम्पूर्ण दुःखबाट मुक्त रहेको निर्माणसम्म पनि प्राप्त गर्नसक्ने कुरा बौद्ध वाङ्मयमा उल्लिखित छ । यस्तो परित्राणको परम्परा भगवान् बुद्धकै समयदेखि प्रारम्भ भएको कुरामा शंका छैन । भगवान् बुद्धकै कालमा सात दिन सात रातसम्म अटूट रुपले परित्राण पाठ गरेको वर्णन 'धम्मपदट्ठकथा' ग्रन्थमा समुल्लेख छ ।

परित्राणले सात दिन मात्र आयु बाँकी रहेका बुद्धकालीन 'आयु वर्द्धन कुमार' नामक बालक १२० वर्षसम्म बाँचेर गएको बौद्ध साहित्यमा उल्लेख छ । बैशाली नगरमा दुर्भिक्ष रोग भय हुँदाको समयमा भगवान् बुद्धद्वारा देशित 'रतन-सूत्र'को परित्राण गरिएको थियो, जुनबाट ती सबै रोग दुर्भिक्ष भय शान्त भएर गयो ।

त्यसो त, आफ्नो कर्मअनुसार मर्न लागेको प्राणीलाई परित्राणले मात्र केही गरेर पनि बचाउन सक्तैन । यसका बावजूद पनि आयु बाँकी रहेकाहरुलाई

असत् कर्मबाट मुक्त गराइदिन परित्राण एउटा अचुक वरदान नै सावित हुन गएको छ। मरिसकेको रुखमा हजारौं घडा पानी दिए पनि उक्त रुख पुन: बचाउन नसकेसरि आयु नै समाप्त भइसकेका प्राणीहरुलाई कुनै प्रकारको औषधि, जडीबुटी वा परित्राणले पनि बचाउन सक्तैन, जुन कुरा सुप्रसिद्ध ग्रन्थ मिलिन्द प्रश्नमा उल्लेख भएको छ।

यसका अतिरिक्त, परित्राणको महत्ववारे राजा मिलिन्दको प्रश्नमा नागसेन भन्तेले यी महत्वहरु प्रकाश पार्नुहुन्छ -

१. परित्राणको प्रभावले टोक्न आएको सर्पले पनि टोक्न सक्दैन।
२. पेटमा पुगिसकेको विषले पनि केहि हानी पुऱ्याउन सक्दैन।
३. पिट्नलाई उठाइसकेको लट्ठी पनि भूइमा फालेर प्रेम गर्न थाल्छन्।
४. पागल भएको हात्ति अगाडि आएर पनि शान्त भएर जान्छ।
५. दन्दन् बलिरहेको डढेलो पनि शान्त भएर जान्छ।
६. शारीरिक तथा मानसिक रोगहरु हटेर जान्छ।

नेपालको वर्तमान थेरवाद इतिहासमा उपत्यका भित्र थेरवाद बुद्धधर्म भित्र्याउने श्रेय दि. अग्गमहापण्डित श्रद्धेय प्रज्ञानन्द महास्थविरलाई जान्छ। उहाँले नै पहिलो पल्ट स्वयम्भूस्थित ऐतिहासिक किण्डोल विहारमा परित्राण पाठ गर्नुभएको थियो। भनिन्छ, त्यसवेला देखि नेपालमा परित्राण पाठ गर्ने चलन आएको छ। नेपालमा परित्राण श्रीलंकाको प्रभाववाट अघि बढेको कुरा श्रद्धेय अश्वघोष महास्थविर व्यक्त गर्नुहुन्छ।

भगवान् वुद्ध, धर्म, संघ, प्रत्येक वुद्ध, वोधिसत्वहरुका अनन्त गुण स्मरण गरी उहाँहरुको सत्य आनुभावले तथापि उक्त सत्यलाई नियाली चिन्तन मननले शारीरिक तथा मानसिक दु:ख, कष्ट, पीडा, उत्पीडन जस्ता छटपटीलाई शान्त गर्नसक्ने सत्यवचनका पवित्र सूत्रहरु हो - परित्राण। राम्ररी जानी-बुझी परित्राण गर्ने तथा सुन्ने गर्नाले मानसिक उपचारको सफल साधना पनि हुनेगर्दछ।

परियत्ति सद्धम्म कोविद त्रिरत्न मानन्धरले परित्राणको विषयमा यसरी भन्नुहुन्छ, "मुख्य त परित्राण गर्नुको तात्पर्य सुन्ने व्यक्तिको मनोबलमा अभिवृद्धि गर्नको लागि हो।"

अर्का परियत्ति कोविद अमिता धाख्वाले परित्राणको महत्व यसरी व्यक्त गर्नुहुन्छ - हाम्रो जीवनमा अनिश्चितता बढी छ। कहिले के हुन्छ, कसो हुन्छ भन्न सकिदैन, शंका उपशंका, रोग भय, त्राशहरु उत्पन्न भएर मानसिक अशान्ति तथा मन कमजोर हुनसक्छ। त्यस्तो समयमा एउटा आधार आवश्यक भइराख्ने हुन्छ, जसले गर्दा आफ्नो मनोवल वृद्धि होस्, त्यो हो परित्राण।"

परित्राणले आफ्नो मनमा ठूलो आत्म विश्वास (Self-confidence) वृद्धि गरिदिन्छ, सकारात्मक भावना बृद्धि गरिदिन्छ। जुनसुकै काम पनि निर्विघ्नतापूर्वक गर्नका लागि परित्राणलाई एउटा प्रेरणाको स्रोतको रुपमा पनि लिन सकिन्छ।

वुद्ध, धर्म, सघको गुण स्मरण गरेर तथा तिनीहरुको सत्प्रभावले राम्रो-मंगल गर्ने, बुद्धको सद्धर्म उपदेश समावेश भएको विभिन्न सूत्रहरु छन् अनि आ-आफ्नै महत्व पनि छन्। जस्तो कि मैत्री सूत्रले सबैलाई समान दृष्टिले व्यवहार गर्ने, मंगल सूत्रले वास्तविक मंगल हुने, रतन सूत्रले अमनुष्य भय, दुर्भिक्ष भय, रोगभय हटाउने, बोज्झङ्ग सूत्रले रोगलाई शान्त गर्ने, आटानाटिय सूत्रले यक्ष, चोर आदि भयवाट रक्षा गर्ने, अगुलीमाल सूत्रले प्रसुति व्यथा भइरहेको महिलाले सजिलै बच्चा जन्माउन सक्ने, आदि।

राम्ररी अर्थ जानेर शुद्ध र स्पष्ट रुपमा पाठ सुन्नेहरुप्रति मैत्री र अनुकम्पा राखि परित्राण पाठ गर्नुपर्ने देखिन्छ। सुन्नेहरु पनि पञ्चमहापाप (१. माता-हत्या, २. पिता-हत्या, ३. अरहन्त-हत्या, ४. सघभेद, ५. वुद्धको शरीरबाट रगत बगाउनु) नगरेको, मिथ्यादृष्टि रहित अनि परित्राण प्रति बलियो श्रद्धा, आस्था र विश्वास भएको हुनुपर्छ।

आज आएर परित्राण हाम्रो नेपालमा पनि

गर्भ मङ्गल, नामाकरण, अन्नप्रासन, विद्यारम्भ, अवाह मंगल, विवाह मंगल, जन्मोत्सव, भीमरथारोहण, गृहनिर्माण, गृहप्रवेश आदि मंगलकार्य तथा मरण पश्चात गरिने विभिन्न संस्कारहरु र पुण्यस्मृतिमा पनि श्रद्धापूर्वक परित्राण पाठ गराउने चलन आइरहेको छ भन्नुहुँदै वौद्ध विद्वान तथा ग्रन्थकार धर्मरत्न शाक्य 'त्रिशुली' ले परित्राणको महत्व खोल्नु हुन्छ ।

संक्षिप्तमा भन्ने हो भने, शारीरिक तथा मानसिक थरिथरिका रोग शोक, भय, पिडा, वेदना, चिन्ता आदिलाई हटाउन सक्ने एउटा मनोवैज्ञानिक पद्धतिको उपचार-माध्यम भएको छ परित्राण । परित्राणको पठन, श्रवण, मनन, एवं परिपालन गर्नाले मानवमात्रलाई आदि, मध्य र अन्तसम्म सुख कल्याण हुने र दुःख-कष्ट विनाश गर्ने गर्दछ । यस्ता अत्यधिक महत्वले भरिएकाले नै हो, बुद्धधर्ममा धेरै नै प्रसिद्ध भएको छ यो परित्राण । बिहार-बिहारमा हरेक पूजागर्ने बेला होस् अथवा उपासक-उपासिकाहरुले भोजन-जलपानको निमन्त्रणा गर्ने बेला होस्, परित्राण पाठ गराउने चलन शायदै मात्र छुट्ने गर्दछ ।

## PERCEPTS FOR MONKS

1. Refrain from harming any living things.
2. Refrain from taking what is not giving.
3. Refrain from misuse of senses such as unchastity.
4. Refrain from wrong speech.
5. Refrain from taking drug or drink which cloud the mind.
6. Refrain from taking food at unseasonable time (after midday).
7. Refrain from dancing, singing and unseemly shows.
8. Refrain from the use of garlands, perfumes, un guents and things that tend to beautify and adorn the person.
9. Refrain from accepting gold or silver or precious things.


श्रद्धेय अनगारिका धर्मशिलाको १७ औं पुण्य तिथिको
उपलक्ष्यमा गुरुमाप्रति श्रद्धा सुमन अर्पण गरी
उहाँको नाममा स्थापित
**धर्मशिला विद्वत वृत्ति प्राप्त गर्नुहुने भिक्षु सुशीललाई**
**हार्दिक शुभकामना ज्ञापन गर्दछु ।**

**अनगारिका कर्मशिला**
**धर्मशिला बुद्ध विहार**
नदिपुर, धर्मशिला मार्ग, पोखरा फोनः ५२०५१७

# श्रद्धेय गुरुमा धर्मशिला अनगारिकाको १७ औं

पुण्य तिथिमा उहाँ प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं

र

धर्मशिला विद्वत वृत्ति प्राप्त गर्नुहुने **भिक्षु सुशीलको** उन्नतिको हार्दिक मंगलमय कामना व्यक्त गर्दछौं ।

श्रीमती सन्तकुमारी बुद्धाचार्य
मोहरिया टोल, पोखरा
**फोन नं: ५२३३३७**

श्रीमती सुन पुतली बुद्धाचार्य
मोहरिया टोल, पोखरा
**फोन नं: ५२०४८८**

श्रीमती बुद्धलक्ष्मी बज्राचार्य
बगाले टोल, पोखरा
**फोन नं: ५२३५४८**

श्रीमती गौतमी बुद्धाचार्य
मोहरिया टोल, पोखरा
**फोन नं: ५२६८७२**

श्रीमती अशोकलक्ष्मी गुभाजू
मोहरिया टोल, पोखरा
**फोन नं: ५२१५४८**

श्रीमती श्रीमाया श्रेष्ठ
बगाले टोल, पोखरा
**फोन नं: ५२१३६१**

# 'शील'

❑ श्रामणेर भद्दिय

शीलको साधारण अर्थ आचरण, सदाचार हो । मानिसले आफ्नो कायिक (शरिर), वाचिक (वचन) लाई आरक्षा गर्नु नै शील हो । जस्ले शीललाई पालन गरि राखेको हुन्छ, त्यसलाई नै शीलले आरक्षी गरिरहेको हुन्छ । यस्ले हामीलाई अकुशल (नराम्रो काम) प्रति सजग बनाई कुशल (राम्रोकाम) प्रति मनलाई डोऱ्याउँछ । शीलले आरक्षित चित्त जहाँ सन्तोष (सुख) हुन्छ , त्यहिँ सबल हुन्छ । निर्वाण (दुःख मुक्त) प्राप्त गर्न चाहने गवेशीले यदि शीललाई त्रुटी गरेको छ भने उस्ले निर्वाण प्राप्त गर्न सक्दैन । घर बनाउदा पहिला बलियो जगको आवश्यकता परेझै निर्वाण प्राप्त गर्न शीलले महत्वपूर्ण भुमिका खेल्दछ ।

भगवान बुद्धको समय कालमा शील भनेको नै धर्म वा पुण्यको अर्थमा पालन गर्ने विभिन्न वाह्य विधि विधानहरु थिए । जसलाई पालि भाषामा गोशील, कुक्कुटशील, सकुणशील इत्यादि भनिन्छ ।

- गोशील :- गौरुहरु जस्तै चारखुट्टा टेकेर घाँस खाने, भुइमा सुत्ने, गोरु जस्तो कराउने वा गोरुको जस्तो व्यवहार गर्ने ।
- कुक्कुटशील :- कुकुर जस्तो चारखुट्टा टेकेर गाउँघर घुम्ने, कुकुरले जस्तै खाने, सुत्ने, बस्ने, कुकुरको जस्तै व्यवहार गर्ने ।
- सुकुणशील :- चराहरुले जस्तै खाने, बस्ने, सुत्ने, चराको जस्तै व्यवहार गर्ने ।

यसरी शील पालन गर्नेहरु मानिसदेखी टाढा, मानिससँग सम्पर्क नराख्ने, मानिसको भाषा नवोल्ने जस्ता शील पालन गर्ने गर्दथ्ये । आजको सन्दर्भमा कति शीलहरु त धर्मको नाममा जस्ताको तस्तै त छैनन् तर देश काल परिस्थिति अनुसार परिवर्तित भएका छैनन् । यस्ता शीलहरु मानिसका लागि मानव शील होइन जुन मानिसहरुको लागि अनावश्यक शीलहरु हुन् ।

तर बुद्ध धर्मले विभिन्न तहका बौद्ध धर्मावलम्बिहरुको लागि विभिन्न तहका शीलहरु निर्धारण गरिएका छन् । पंचशील सर्वसाधारण सबैको लागि र माथिल्ला तहका बौद्धहरुको लागि अष्टशील र दशशील निर्धारण गरिएको छ । यस्तै शीलहरु भगवान बुद्ध भन्दा पहिला महाविर (जैन) ले पनि प्रतिपादन गरेको थियो । तर उनको नियम कठोर र ५० किलोमिटर सिमा (एरिया) भित्र मात्र पालन गर्ने र त्यो ५० किमि भन्दा बाहिर शील भंग गरेपनि हुन्थ्यो । शील भंग (त्रुटी) भएपछि फेरी शील याचना (माग्नु) गर्नु पर्दथ्यो ।

तर भगवान बुद्धले त्यस्ता कठोर र उच्छेद प्रकारका नियमहरु हटाई मध्यम मार्गको आर्य शील प्रतिपादन गर्नु भयो । त्यो नियमलाई स्वयं पालन गरि अरुलाई पनि पालना गर्न लगाउनु भयो । जुन शील जीवन भर सम्म पालन गर्नु पर्दछ । भगवान बुद्धले प्रतिपादन गर्नुभएको आर्य शील बारम्वार याचना गर्नु पर्दैन । शील त्रुटी भएकोले मात्र याचना गर्नु पर्दछ । बारम्वार शील त्रुटी भइरहेमा हामीले निर्वाण प्राप्त गर्न सक्दैनौं ।

भगवान बुद्धले सर्वसाधारणको हितकल्याणको निम्ति प्रतिपादन गर्नु भएको आर्यशील (पंचशील) यस प्रकारको छ ।

१) पाणातिपाता वेरमणी सिक्खापदं समादियामी ।
२) अदिन्नादाना वेरमणी सिक्खापदं समादियामी ।
३) कामेसुमिच्छाचारा वेरमणी सिक्खापदं समादियामी ।
४) मुसावादा वेरमणी सिक्खापदं समादियामी ।
५) सुरामेरयो मज्ज पमा दठ्ठाना वेरमणी सिक्खापदं समादियामी ।

अर्थात

१) म प्राणीहिंसाबाट बिरत (अलग) रहने शिक्षापदलाई ग्रहण गर्दछु ।

२) म अरुले नदिएको बस्तुलाई नलिने (चोरी नगर्ने) शिक्षापदलाई ग्रहण गर्दछु ।

३) म परस्त्री र परपुरुष गमन (ब्यभिचार) नगर्ने शिक्षापदलाई ग्रहण गर्दछु ।

४) म झुठो कुरा नबोल्ने शिक्षापदलाई ग्रहण गर्दछु ।

५) म मद्यपान जस्ता लागु पदार्थबाट अलग रहने शिक्षापदलाई ग्रहण गर्दछु ।

(यहाँ म भनेको आफूलाई सम्झनु पर्दछ ।)

यसरी भगवान बुद्धले सर्वसाधारणको निम्ति आर्यशील (पंचशील) को प्रतिपादन गर्नु भएको थियो । यो शील त्यति वेलादेखी आज सम्म जस्ताको तस्तै बौद्ध सर्वसाधारणले पालन गरि आएको छ । शील निर्वाण प्राप्त गर्न चाहिनेहरुको लागि खोला तर्दा सहायता दिने डुङ्गा जस्तै हो । शील विना निर्वाण अथवा मार्ग फल प्राप्त गर्न असक्षम छ । धर्मको भाषामा शीललाई शिर (टाउको) पनि भन्ने गरिन्छ । जसरी शिर नभएको मानिसको अस्तित्व रहन्न, त्यसरीनै शील नभएको मानिसको महत्व हुदैन । हामी सामाजिक प्राणी भएकाले यी शीलहरु बिना समाजमा बस्न लायक हुनेछैनौं । जति जति हामीले शीललाई पालन गर्न सक्षम हुन्छौं, त्यति नै समाजमा प्रतिष्ठित हुन पुग्छौं ।

एकी शील, एकी मग्गो:- एउटै शीलमा मात्र जिवनभर प्रतिष्ठित भइरहेमा पनि सँहि सत्य मार्गको ज्ञान पाई चुल स्रोतापन्न सम्म पुग्न सकिन्छ । त्यसैले भगवान बुद्धले प्रतिपादन गर्नु भएको आर्य शील मध्यम र सर्वसाधारणको निम्ति हितकर र लाभदायक छ ।

शील एक यस्तो प्रकारको हतियार हो, जसले यो पालन गरिरहेको हुन्छ, त्यसलाई संघमा संगठीत गरि निरन्तरता दिने र स्पष्ट पहिचान दिने काम गर्दछ । यो साध्य होइन । साधन मात्र हो । जसलाई निरन्तर जीवन भर पालन गर्नाले मार्ग फल प्राप्त गर्न सकिन्छ । शीललाई स्वेच्छाले पालन गरिन्छ । आदेश वा कानुन को रुपमा होइन । हामी कसैको कर, बल वा उत्पीडनको कारण होइन बल्की स्वेच्छाले यसलाई पालन गर्न सक्छौं ।

"भवतु सब्ब मंगलम्"
"सबैको कल्याण होस्"

**अनगारिका धर्मशिलाको १७ औं पुण्य तिथिमा गुरुमाको**

हार्दिक स्मरण गर्दै उहाँको नाममा स्थापित

**धर्म शिला विद्वत वृत्ति**

प्राप्त गर्नुहुने भिक्षु सुशीललाई हार्दिक शुभकामना ब्यक्त गर्दछौं ।

**दायक सभा परिवार**

धर्मशिला बुद्ध विहार, धर्मशिला मार्ग,

नदीपुर, पोखरा

# दुःख निर्मूल गर्ने उपाय

लोक बहादुर शाक्य

ब्रम्हाण्ड कसरी सिर्जना भयो र जीवहरु कसरी उत्पत्ति भए भन्ने तर्फ दृष्टि दियो भने 'हेतु' द्वारा सामग्रीहरुको संयोग भएपछि प्रतित्य समुत्पादको सिद्धान्त अगाडि आउँदछ । पुनर्जन्ममा विश्वास गर्नेहरुलाईअकुशल कर्मबाट भोग गर्नुपर्ने दुःख यो जन्ममा मात्र होइन, अर्को जन्ममा पनि भोग्नुपर्ने हुन्छ । त्यसैले विवेक शक्ति भएका मानवहरुको प्रमुख कर्तव्य खराब कर्म तिर नझुक्नु हो । कुनै दुःख भएपनि विश्रामको लागि छेक्न सकिन्छ अथवा पुन कुकर्म रोक्नको लागि बाररुपी प्रज्ञाद्वारा चेतना जगाउनु पर्दछ । दुःख निवारण गर्न समर्थ भएपछि मोक्ष लाभ हुन्छ । दुःख निवारणको साथ साथमा रीसको कारण पनि निर्मूल गर्न समर्थ हुन्छ ।

मानिस म र मेरो भन्ने भावनाले पुण्य वा अपुण्य कर्म गर्दछ । अविद्याद्वारा सचालन हुने आशक्ति नै यसको कारण हो । रुपसंग अरुको सयोग रोक्न सक्यो भने सुख-दुःखको वेदना नै हुदैन । त्यस्तै प्रतित्य समुत्पादरुपी कर्मको आशक्ति रोक्न सके जन्मनु पर्ने छैन । म र मेरो भन्ने भावना सचालन गर्ने कर्ता चित्त नै हो । कुनै मित्र संग रिसाउनु पर्‍यो भने चित्तबाटै इसारा हुने गर्दछ । आफ्नै गल्तिले रिस भएको सम्झेर वा अरुको गल्तिमा पनि सहेर द्वेष भावनालाई तिलाञ्जली दिई शान्तिको बाटोमा अग्रसरहुनु आवश्यक छ । चित्तलाई कुनै हालतमा पनि खल्बल्याउनु ठीक छैन । पीर लिएर मात्र दुःख हट्ने कुरा होइन । दुःख रोक्ने इच्छा हुने वित्तिकै फर्केर जाने पनि होइन । वरु समस्या आएपनि विचलित नभै सहेर सोचेर मनलाई सन्तुलित राख्न सक्यो भने दुःख हलुका हुँदै जान्छ । वास्तवमा अनावश्यक कुरामा चिन्ता लिएर आफैले दुःख उत्पत्ति गर्दछ र अरुद्वारा पनि दुःख कसरी नहोला भनी चिन्तन मनन गरेमा सहने शक्ति सिर्जना हुन्छ । विचार विमर्श नगरी अथवा रीस राग द्वारा काम गरेमा नै गल्ति हुने हुँदा पलापलामा सतर्क भै शुद्ध चित्तले काम गर्नु पर्दछ । जीवनमा रीस पनि एक महान समस्या हुन आउँछ । यो त क्लेश को वशमा परेर मात्र निस्केको हो आफै अघि सरेको होइन । वास्तवमा जीवनमा कुनै पनि समस्या नभएमा क्षमताको परीक्षा नै नहुने भयो । त्यसैले रीस होस् या अरु कुनै प्रकारको समस्या होस् यो त मेरो चित्तको जाँच गर्न आएको सम्झेर गम्भिर रुपमा सोच विचार गरेर सहनशील र लगनशील भै परीक्षामा सम्मिलित भएर उपाय कौशल्यद्वारा समाधान गर्नु नै बुद्धिमानी ठहर्छ ।

धुवाले आँखालाई पिरो हुँदा आकाशलाई दोष छैन । त्यस्तै चित्त पनि आकास समान निर्मल छ । धुवाले आकाशलाई छोपीराखेको अनुरुप राग द्वेष मोहबाट चित्तमा, रिस, क्लेश आदि विछ्याइ राखेको हुन्छ । आगोलाई निभाएपछि धुवा नआउने जस्तै क्लेशलाई निर्मूल गर्न सक्यो भने रीस पनि सहिष्णुताले विलाएर जान्छ । मानवको द्वेष दुइ दिनको पाहुना जस्तै हो । मानव कपुत होइन, न त उसको स्वभाव नै दुष्ट हुन्छ । धुवाले तिर्मिराउँदा आकाशको दोष नभए जस्तै मानव आफै दोषी होइन, तर उसमा निहित द्वेष भावना मात्र खराब हो । आगो निभाएपछि धुवा स्वत विलाएर जाने अनुरुप राग द्वेष हटाउन सके मानवको दोष पनि निर्मुल हुन्छ भन्ने तथ्य अनुकरणीय छ ।

कसैले कसैलाई लट्ठीले पिट्यो भने पिट्ने उपर रीस उठ्ने हुन्छ । मानवलाई द्वेष भावनाले प्रेरित भैराखेको हुँदा रीसलाई नै रीस गर्नु योग्छ छ । किन लट्ठीमा रीस पोख्नु पर्‍यो । लट्ठी र रीसको वीच पर्ने मानव उपर किन रिसाउने भनी चिन्तन मनन गरेपनि सहने शक्ति पलाएर आउने हुन्छ । अर्को विचारणीय कुरा के भने पहिले आफूले अरुलाई दुःख दिइराखेको

प्रतिफल स्वरुप आफूलाई दुःख दिएको भन्ने सिद्धान्त अपनाउन सकेको खण्डमा पनि सहने शक्ति हुन्छ। तलवारले शरीरलाई प्रहार गर्दा ठूलो दुःख हुन्छ। यहाँ तलवार तथा शरीर कारण हुन आयो। यी दुवै को संयोग नभए दुःख हुने थिएन। यदि शस्त्र चलाउने सँग रीस पोख्यो भने शरीर धारण गर्ने आफूसित किन नरिसाउने ? यदि आफूसित नरिसाउने भए अरुसंग किन रिसाउने भन्ने तर्कतिर दृष्टि दिएको खण्डमा पनि सहने शक्ति उत्पत्ति हुन्छ। शरीर त तृष्णारुपी अन्धकार बाट छाई राखेको हुन्छ। दुःख हुनासाथ अरु उपर रीस उठाउनु पर्ने आधार छैन। घाउ भएको शरीरमा अरुले छोयो कि सहन नसक्ने, आफूले छोयो भने रीस नउठ्ने हुन्छ। शरीर धारणा गरेको नै प्रमुख कारण भएकोले जन्मनुबाट पार हुनु नै मोक्ष हुन आएको छ। वास्तवमा हामी दुःख नचाहने तर दुःखको कारणरुपी शरीर भने चाहने भएका छौं। अर्को प्रत्यक्ष उदाहरणलाई लियो भने हिंडेर जाँदा कहिले ठक्कर खाई तकलिफ हुन्छ। यसमा मुख्य विचार गर्नु पर्ने कुरा त होश नराखी हिडेकोले त्यसो भएको भन्ने कुराको बोध गर्नु पर्दछ। यदि शरीर नभएको भए त्यस्तो ठक्कर खाई दुःख उब्जने नै थिएन, फेरि शरीरको मायामा हुने आशक्तिलाई त्याग्न नसक्नु पनि अर्को दुःखको कारण भन्नु पर्‍यो, दुःखबाट छुट्कारा पाउने अभिप्रायले आत्महत्या गर्दा पनि तृष्णा निर्मूल हुने होइन अर्को जन्ममा त्यसको असर परिहाल्छ। कर्मको फल भोग्नै पर्छ। अतः दुःखको प्रमुख कारण तृष्णा हुन आएको छ। तृष्णाको कारणबाटै पुनर्जन्म हुन्छ। अकुशल कर्ममा लाग्यो भने नरकमा जानुपर्छ भन्ने तर्क युक्तिसंगत छ जसबाट कुकर्म नगर्न ठूलो आधार मिलेको पाइन्छ। यहाँ यो के कुरा विचारणीय छ भने स्वर्ग नरक भन्ने अलग भौगोलिक स्थान नभएकोले यसलाई देख्न सकेको छैन, तर भित्रि मनमा नै सुख-दुःखको अनुभव हुने हुँदा स्वर्ग नरक तयार गर्ने श्रोतनै चित्त हो। आफ्नै चित्तमा नै स्वर्ग नरक भएकोले बाहिर कतै खोज्न जानु पर्दैन। दुःख अरुबाट उब्जने नभै आफ्नै त्रियाकलापबाट उत्पन्न हुने कुरा जुनसुकै धर्म र दर्शनको मूल मर्म भएको छ। अकुशल कर्म गरेन भने दुःख नै हुँदैन। वर्तमानको दुःख पहिलेको सन्चित पापको कारण हो, अब पनि त्यही कुकर्मतिर लाग्यो भने नरकमा पर्दछ भन्ने भावनालाई जाग्रत अवस्थामा राखेर कुशल कर्मतिर नै अग्रसर हुनु वाञ्छनीय छ।

अपकारको बदला अपकारबाटै हुन्छ भन्ने मनसायतिर लाग्यो भने पनि दुबै थरीलाई हित हुँदैन, त्यसैले कसैले आफूलाई दुःख दिन थाल्यो भने मेरो पहिलेको पापको कारणबाट त्यसो हुन गएको हो, मेरो पाप कट्दै जान्छ भन्ने तथ्यलाई हृदयङ्गम गरी जाई नलागी सहने गरेपछि दुःख भोग्नु नपर्ने हुन्छ। यसबाट के तथ्य सिद्ध हुन्छ भने कसैले अपकार गर्न आएपनि उनीहरुले नै परिणाम भोग्न पर्ला। आफू त पहिलेको पापबाट पार भयो भन्ने सम्झी कुनै किसिमको बदलाको भावना नलिई सहनशील हुनु दुःख निराकरणको एक प्रमुख उपाय हुन आएको छ। यसरी रीसलाई छेकवार राख्न सक्यो भने मैत्री भावना झन् झन् अभिवृद्धि हुँदै जान्छ। अतः मनलाई दृढ संकल्प साथ नियन्त्रण गर्न सक्नु नै दुःख निर्मूल गर्ने उपाय स्पष्ट हुन आएको छ। अस्तु।

अनगारिका धर्मशीलाको १७ औं पुण्य तिथिको
उपलक्ष्यमा गुरुमाप्रति श्रद्धा सुमन अर्पण गरी उहाँको स्मृतिमा स्थापित
धर्मशिला विद्वत वृत्ति प्राप्त गर्नुहुने भिक्षु सुशीललाई
हार्दिक शुभकामना ज्ञापन गर्दछौं।

कन्चन आभूषण परिवार
मोहरिया टोल, पोखरा
फोनः ५२१५४९

# बुद्ध एक मनुष्य हुनुहुन्थ्यो

☐ रीना तुलाधर

अधिकांश धार्मिक आस्था भएका व्यक्तिहरुले कुनै पनि धर्मका गुरुलाई भगवान र ईश्वर आदि मानिने जस्तै गौत्तम बुद्धलाई पनि भगवानकै रुपमा मानिएको पाइन्छ। बुद्ध प्रति असिम श्रद्धाको कारणले बुद्धलाई देवता भन्दा ठूलो देवता पनि मानिन्छ। तर श्रद्धामा ज्ञान मिसिनु अति आवश्यक छ। बुद्ध वास्तवमा को थिए यो बुझेर श्रद्धा प्रकट गर्नु उचित देखिन्छ। बुद्धलाई ईश्वरको रुप मान्नु गलत हो।

बिर्सन नहुने कुरा के छ भने बुद्ध हामी जस्तै एक मनुष्य हुनुहुन्थ्यो। उहाँ जन्मनु हुँदा मानिसकै कुलमा प्राकृतिक रुपले नै जन्मनु भएको थियो। आकाशबाट ओर्लेको वा जमीनबाट निस्केको वा अग्निबाट प्रकट भएको आदि कुनै घटना थिएन उहाँ जन्मनु हुँदा। प्रकृतिको नियम अनुसार जसरि एउटी आइमाईले मानिसको बच्चालाई जन्म दिन्छिन् त्यसरी नै उहाँको आमाले उहाँलाई जन्म दिनु भएको थियो। श्रद्धा र भक्तिको कारणले बुद्धको जन्म हुँदा विभिन्न अप्राकृतिक ढगले भएको हो भन्ने वर्णनात्मक साहित्य बौद्ध ग्रन्थहरुमा पछि थपिएका हुन्। निस्चित रुपमा उहाँ एक मनुष्य जाति हुनुहुन्थ्यो। तर उहाँ साधारण मानिस भने थिएनन्। पूर्व जन्मको संस्कारले उहाँको स्मृति, ज्ञान साधारण मानिसको भन्दा असंख्य गुणाले उच्च स्तरको थियो।

प्राकृतिक मानिसको शरीर भएको हुनाले गौत्तम बुद्धले शारीरिक रुपमा हुन आउने शारीरिक दुःख पनि भोग्नु नै हुन्थ्यो। भगवान बुद्ध धेरै पटक बिरामी पर्नु भएको उल्लेख छ। टाउको दुख्ने उहाँको निको नभएको रोग थियो। देवदत्तले बुद्धलाई मार्न भनी माथिबाट खसालेको ढुंगाको एक टुक्रा बुद्धको खुट्टाको बुढी औंलामा परेकोले घाऊ भएर धेरै दिनसम्म त्यो घाउ निको भएन। ५५ वर्षको उमेर हुँदा आफ्नो शरीरको बल शिथिल भएको कारणले बुद्धले कुनै निजी सेवक खोज्नु भयो। बुद्धको निजी रुपमा सेवा गर्न भिक्षु आनन्द खतिए। बुद्धको परिनिर्वाणमा पनि शारीरिक रोग एक कारण बनेको थियो। चुन्द सुनारले दान दिएको खाना नपचेर उहाँलाई झाडा पखाला लागेको थियो। त्यो नै उहाँको अन्तिम भोजन थियो। यस प्रकार भगवान बुद्धको शरीर मासु, हाड रगतले बनेको प्राकृतिक शरीर थियो। कुनै दैवी शक्ति भएको ईश्वरीय, दिव्य शरीर थिएन उहाँको।

जबसम्म बुद्धलाई एक मनुष्यको रुपमा अध्ययन गरिदैन उहाँको शिक्षा र उपदेशलाई सही रुपमा बुझ्न सकिन्न। यसबाट हुनुपर्ने फाइदा उठाउन सकिन्न।

## बुद्ध र बुद्धहरुको परम्परा

'बुद्ध' शब्द सुन्ने बित्तिकै मानिसहरुको दिमागमा गौत्तम बुद्धको चित्रण चित्रित हुन्छ। साँच्चै भन्ने हो भने 'बुद्ध' भनेको कुनै व्यक्ति होइन। न त यो कुनै व्यक्तिका आमा-बाबुले दिएको नाम हो। पालि मागध भाषानुसार 'बुद्ध' शब्द 'बुध बोधने' भन्ने धातुबाट बनेको हो। अतः यो गुणवाचक शब्द हो। जसले बोध गर्ने काम गर्छ उसलाई बुद्ध भनिन्छ। खासगरी बुद्ध भन्ने साधारणतया गौत्तम बुद्ध आदि बुद्धत्व प्राप्त गरेका महापुरुषहरुको नाम भएतापनि जुनसुकै मानिस पनि बुद्ध बन्न सक्छन्। बोध कार्य सुसम्पन्न गर्ने सबै मानिसहरुलाई 'बुद्ध' भन्न सकिन्छ।

बुद्ध धर्म अनुसार 'चतुरार्य सत्यलाई' अवबोध गर्नेलाई 'बुद्ध' भनिन्छ। जबसम्म यी चार सत्यलाई सत्यको रुपमा अवबोध गर्नुभएको थिएन तबसम्म उहाँले न आफूलाई बुद्ध भन्नु भयो न त अर्काले नै उहाँलाई बुद्ध भने। संसारमा दुःख छ, दुःखको कारण छ, दुःख नभएको अवस्था छ, त्यो अवस्थामा पुग्ने

## अनगारिका धर्मशिलाको १७ औं पुण्य तिथिमा गुरुमाको

हार्दिक स्मरण गर्दै उहांको नाममा स्थापित

# धर्म शिला विद्वत वृत्ति

प्राप्त गर्नुहुने भिक्षु सुशीललाई

## हार्दिक शुभकामना ब्यक्त गर्दछौं ।


श्रीमती शुखलक्ष्मी शाक्य
भैरव टोल, पोखरा
फोन नं: ५३४९१०

श्रीमती रेणुका शाक्य
तेर्सापट्टी, पोखरा
फोन नं: ५२०९९२

श्रीमती विष्णुमाया बज्राचार्य
मोहरिया टोल, पोखरा
फोन नं:

श्रीमती फूलु बज्राचार्य
मोहरिया टोल, पोखरा
फोन नं: ५२२३२५

श्रीमती सेती शाक्य
नयाँ बजार, पोखरा
फोन नं: ५२७१०७

श्रीमती लक्ष्मी बुद्धाचार्य
पृथ्वीचोक, पोखरा
फोन नं: ५२०५६३

मार्ग छ - यी चार सत्यलाई चतुरार्य सत्य भनिएको हो ।

बौद्ध धारणा अनुसार बुद्ध तीन प्रकारका छन्-

**सम्यक बुद्ध-** अरुलाई पनि मुक्तिमार्ग दिने आफूपनि मुक्त हने बुद्ध ।

**प्रत्येक बुद्ध-** आफूमात्रै मुक्त हुने बुद्ध ।

**श्रावक बुद्ध-** अरुद्वारा देखाईएको मार्गमा लागेर मुक्त हुने अरहत् बुद्ध ।

बौद्ध धारणा अनुसार अहिले सम्म जम्मा २८ जना सम्यक सम्बुद्धहरु भइसके जसमध्ये गौतम (शाक्यमुनि) अन्तिम हुन् । भविष्यमा मैत्रेय बुद्ध आउन बाँकी छ ।

बुद्धहरुको यो परम्परालाई अवतारवादीहरुले बुद्धलाई इश्वरको अवतारको प्रसंग संग मिलाउन खोज्यो भने त्यो पक्कै गलत तथ्य हो । अवतारवाद संग बुद्धको परम्परालाई मिलाउन खोज्नु अवतार वादी ब्राम्हणहरुको स्वार्थपूर्ण षडयन्त्र हो । यस तथ्यलाई स्पष्ट पार्न बोधिसत्वको चर्या अध्ययन गर्नु आवश्यक छ ।

**बोधिसत्व र बुद्ध**

भविष्यमा सम्यक सम्बुद्ध बन्नेलाई बोधिसत्व भनिन्छ । कुनै एक सम्यक सम्बुद्धको अगाडी आफूपनि उस्तै सम्यक सम्बुद्ध बन्ने प्रार्थना गरि त्यस अनुसार प्रण गरेर सम्यक सम्बुद्ध बन्ने प्रयासमा लागेपछि त्यो बोधिसत्व बन्दछ । सम्यक सम्बुद्ध बन्ने प्रण गरेदेखि अनेकौं योनीमा अनेकौं जन्म लिएर दश पारमिता पुरा गर्नुपर्दछ । दश पारमिता पुरा भएपछि बुद्ध बन्नुभन्दा दश जन्म अघिदेखि बोधिसत्व भएर लगातार दश जन्महरुबाट दश बल प्राप्त गर्नु पर्दछ । यसप्रकार दुवै तरीकाबाट समर्थ सिद्ध भएपछि मात्र बोधिसत्व "बुद्ध" हुन सक्दछ । बोधिसत्वको अन्तिम इच्छा नै बुद्ध हुनु हो ।

यसै प्रसंगमा यो जानौं सम्यक सम्बुद्ध हुनलाई आठवटा मूलभूत आवश्यकताहरुले पूर्ण हुनु आवश्यक छ ।

१. बुद्ध मनुष्य नै हुनुपर्दछ ।
२. बुद्ध पुरुष नै हुनुपर्दछ ।
३. बुद्ध हुने हेतु (पुण्य संस्कार) हुनुपर्दछ ।
४. कुनै पहिलेको सम्यक सम्बुद्धको दर्शन गरेको हुनुपर्दछ ।
५. गृहत्यागी नै हुनुपर्दछ ।
६. पाँच अभिज्ञा र आठ समापतियुक्त हुनुपर्दछ ।
७. त्याग गर्ने शक्ति हुनुपर्दछ ।
८. प्रबल उत्साह हुनुपर्दछ ।

यस हिसाबले सम्झन योग्य छ बुद्ध मनुस्य हो कि इश्वरको अवतार ।

**गौतम बुद्धले अर्को जन्म लिने छैन**

गौतम बुद्ध बन्ने सिद्धार्थको आमा महामायादेवीले सिद्धार्थ हुने बच्चा गर्भाधारण गरेको रातमा देखेको सपना यहाँ उल्लेखनीय छ । सिद्धार्थको जन्म २५४० वर्ष अगाडि कौशल नामको राज्य अन्तर्गत पर्ने शाक्यहरुको राजधानी कपिलवस्तुमा (हाल नेपालको पश्चिममा पर्ने कपिलवस्तु जिल्ला) राजा शुद्धोदन र रानी महामायादेवीको कोखमा भएको थियो । उहाँको गोत्र गौतम थियो, कुल शाक्य थियो र वंश सूर्यवंशी थियो । त्यस बखत शाक्यहरुको चलन अनुसार आषाढ महिनामा एउटा महोत्सव सात दिन सम्म मनाइन्थ्यो । त्यो महोत्सवमा राज्यभरिका शाक्य तथा राजपरिवारका सबै सदस्यहरु सम्मिलित हुन्थ्ये । सातौं दिन महामायादेवी सबेरै उठिन् । सुगन्धित जलले स्नान गरिन् । बहुमूल्य आभूषण पहिरिन् । ब्रत बसिन् । त्यसपछि खुबै सिंगारिएको शयनकक्षमा सुत्न गइन् ।

त्यसरात शुद्धोदन र महामाया सँगै बसे । महामायाले गर्भ धारण गरिन् । राजसी शैयामा सुत्दा रानीलाई निन्द्रा पऱ्यो । निद्रामा महामायाले सपना देखिन् । सपनामा रानीले चारवटै दिशाका देवताहरुद्वारा सुतिरहेको खाट सहित उठाएर लगिएको दृष्य देखिन् । देवताहरुले हिमालय प्रदेशको एउटा शाल बृक्षमुनि खाट अड्याए । तिनीहरु सँगै उभिएका थिए । त्यसपछि ती देवताका देवीहरुले तिनलाई मानसरोवर तिर लिएर गए । तिनीहरुले रानीलाई स्नान गराए, पोशाक लगाइदिए । सुगन्धहरु घसिदिए र कुनै दिव्यात्माको स्वागत गर्न योग्य हुने गरि फूलहरुले सिंगारिदिए । अनि 'सुमेध' नाम भएको बोधिसत्वले तिनी बसेको

ठाउँमा आएर यसरी प्रार्थना गरे- "मैले मेरो अन्तिम जन्म धारण पृथ्वीमा गर्ने निश्चय गरेको छु। के तपाईं मेरी आमा हुन स्वीकार गर्नुहुन्छ ?" महामायाले सहर्ष स्वीकार गरिन्। त्यसैवेला तिनी निन्द्रावाट व्यूभिइन्।

यस सपनाको व्याख्या गर्न स्वप्न विद्यामा पारंगत आठ व्राम्हणहरु सँग प्रश्न गर्दा उनीहरुले उत्तर दिए- "महाराज, निश्चिन्त हुनुहोस्, तपाइको पुत्र जन्म हुनेछ। तपाइको पुत्रले गृहस्थ जीवन व्यतित गरेछ भने चक्रवर्ती राजा हुनेछ, अन्यथा गृह त्याग गरेर सन्यासी भयो भने "वुद्ध" हुनेछ।"

अत: यो उहाँको अन्तिम जन्म हो। कहाँवाट अर्को अवतार लिनु। अर्को एउटा वुद्धको उक्ति उल्लेखनीय छ। सिद्धार्थले वुद्धगयामा वुद्धत्व प्राप्त गरिसकेपछि वुद्धत्व प्राप्त गरेको खुशीमा वोल्नु भएको प्रथम उडान वा प्रीति वाक्य वा प्रथम वुद्ध वचन यो थियो - "अनेक जाति ससार सन्धाविस्स, अनिविस्स, गहकारक गवेसन्तो दुक्खा जाति पुनंजुनं, गहकारक दिट्ठोसी, पुनगेह न काहसि। सब्बा ते फासुका भग्गा कहं कुटं विसंरवतं विसंरवार गतं चित्र तण्हानं खयं मज्भगा।"

अर्थ:- "फेरि फेरि जन्म लिनु पर्दा दु:ख हुने हुनाले यो शरीररुपी घर वनाउनेलाई खोज्दा खोज्दै यो संसार मा अनगिन्ति जन्म लिइ सकें। हे गृहकारक, मैले तिमीलाई देखें। तिमीले अव फेरी दु:खको घर वनाउन सक्ने छैनौ। सवै औजार भाँचि सकें। संस्कार निर्मूल भयो। तृष्णा क्षय भयो।"

स्पष्टत: भगवान वुद्धले यो आफ्नो अन्तिम जन्म भनेर यसरी घोषणा गर्नु भएको छ भने इश्वरको नवौं अवतारले अर्को दशौं अवतार लिनेछ भन्ने विश्वास गर्नेको वुद्धिमाथि हाँसो उठ्छ। आफ्नो निहित स्वार्थको लागि भगवान वुद्धलाई नै प्रयोग गरेर सर्व साधारण मानिसलाई अन्यौलमा पार्ने दुस्प्रयास भैरहेको स्पष्ट छ। प्रत्येक मनुष्यले प्रयास गरेमा 'वुद्धत्व' प्राप्त गर्न सकिन्छ। यो वुद्धको दावा हो। त्यही कारण उहाँले मनुष्य जाति भई जन्मेर संसारलाई यो पवित्र धर्म प्रदान गर्नु भयो मनुस्य मात्रको प्रोत्साहन वन्नको लागि। मनुष्य भएर बाँच्नु भयो र मनुष्यकै मृत्यु मर्नु भयो। ईश्वरीयपनको गन्ध पनि छैन उहाँको जीवनीमा।


अनगारिका धर्मशीलाको १७ औं पुण्य तिथिको उपलक्ष्यमा गुरुमाप्रति श्रद्धाञ्जली अर्पण गरी उहाँको नाममा स्थापित

धर्मशीला विद्वत वृत्ति प्राप्त गर्नुहुने

भिक्षु सुशीललाई

हार्दिक शुभकामना ज्ञापन गर्दछौं।

बुद्धाचार्य ज्वेलर्स
(सुन चाँदी दुकान)
सभागृहचोक, पोखरा
मोबाइल: ९८६० २०१३१



बुद्धाचार्य गहना गृह
(सुन चाँदी दुकान)
संगमचोक, मोहरिया टोल, पोखरा
फोन: ५२३९२१, ५२०७३१

# पोखरा विश्वशान्ति स्तूप

तिलकमान गुभाजु

कास्की पोखरास्थित अनदु डाँडामा जापानको निप्पोनजान म्याहोजिको सहयोगमा निर्मिद्ध विश्वशान्ति स्तूपको ठूलो महत्व छ। विश्वशान्ति स्तूप शान्तिको प्रतिक हो। पोखराको यो विश्वशान्ति स्तूप बौद्धहरुको सहनशीलता, सहिष्णुता र लगनशीलताको परिचय हो।

हरिया डाँडाकाँडाहरु, रमाइला ताल तलैयाहरु र उत्तरतिरका मनमोहक श्वेत हिम श्रृङ्खलाहरुद्वारा प्रकृतिक रुपले सजिएको पोखरा शान्त, सुन्दर र स्निग्ध छ। पोखरामा विश्वशान्ति स्तूपबाट शान्त, स्वस्थ, सौन्दर्य र सुगन्ध बढाएको छ। पर्यटन क्षेत्रमा यसबाट आफूमा एउटा नयाँ अध्याय र नयाँ आकर्षण थपिएको छ । सौन्दर्यमयी फेवातालको सौन्दर्य र महत्वमा पनि अरु बृद्धि भएको छ।

तत्कालीन प्रधानमन्त्री श्री गिरिजाप्रसाद कोइरालाले २०४८ साल श्रावण २९ गते विश्वशान्ति स्तूप पुनः निर्माण गर्न दिने तोक आदेश गर्नुभयो। आवास तथा भौतिक योजना मन्त्रालयले मिति २०४८-६-८ मा श्री ५ को सरकार (मन्त्री स्तर) बाट निर्णय गरी विश्वशान्ति स्तूप निर्माण गर्न स्वीकृति दिन पोखरा नगर योजना कार्यान्वयन, समितिको कार्यालयलाई आदेश गऱ्यो। नगर योजना कार्य समितिको २०४८ भाद्र १८ गते बसेको बैठकले विश्वशान्ति स्तूप निर्माण गर्न स्वीकृति प्रदान गरियो। आज अनदु डाँडाको २१-८-१-२ क्षेत्रफलको जमीनमा बृहत मूर्ति सहितको एउटा बिहार, १२ वटा कोठाहरु भएको अतिथिगृह र ११५ फीट उचाइको तथा ३४४ फीट गोलाईको ठूलो विश्वशान्ति स्तूप हाम्रो सामू छ।

पोखरा विश्वशान्ति स्तूपको अग्रभागमा जापानमा निर्मित भगवान बुद्धको धर्मचक्र प्रवर्तन मुद्राको बिशाल मूर्ति राखिएको छ भने पश्चिम दिशामा श्रीलङ्काबाट प्राप्त ध्यान मुद्राको बुद्ध मूर्ति छ। उत्तर मा थाइल्याण्डबाट प्राप्त ढलोटको ६ फीट लामो महापरिनिर्वाण मूर्ति छ भने दक्षिणमा नेपालमा निर्मित ढलोटको सिद्धार्थको जन्मस्मारक मूर्ति प्रतिष्ठापित गरिएको छ।

विश्वशान्ति स्तूपमा उक्लनको लागि ३७ वटा सिंढीहरु बनाइएका छन्। ती सिंढीहरु सप्त त्रिसंबोधि पक्षीय धर्मको प्रतीक सिंढीहरु हुन भने ती मध्ये माथिल्ला १२ वटा सिंढीहरु प्रतीत्य समुत्पादका प्रतीक हुन्। ती सिंढीहरु चढेर माथिल्लो भागको पेटीबाट परिक्रमा गर्दा १०८ कदम चाल्नुपर्दछ भने जमीनबाट घुम्दा २१६ कदम चाल्नुपर्दछ।

पोखरा विश्वशान्ति स्तूपको माथिल्लो भागमा धर्मचक्र प्रवर्तन अङ्कीत "धर्मचक्र" राखिएको छ। त्यसको माथिल्लो भाग टुप्पोमा नेपालीहरुबाट दान दिएका सुन, सुनका गहनाहरु सङ्कलन गरी सुनको मुलम्वा लगाइएको त्रयोदश भूवनको प्रतीक १३ तल्ले २० फीट उचाइको गजूर राखिएको छ। गजूरको माथिल्लो भागमा श्री लङ्काबाट प्राप्त भएको ठूलो स्फटीक (Crystal Stone) जडान गरिएको छ, जुन प्रज्ञा र करुणाको प्रतीक हो।

बुद्धधर्मका महत्वपूर्ण चैत्य, स्तूपहरु निर्माण गर्दा त्यसको गर्भमा भगवान् बुद्धको अस्थिधातु राख्ने प्राचीन परम्परा छ। तथागतको अस्थिधातुले त्यसमा बुद्धको अस्तित्वबोध गराउँछ। त्यसकारण बुद्धधर्ममा अस्थिधाथुको अत्यन्त महत्व हुन्छ। यो विश्वशान्ति स्तूपमा भगवान बुद्धका अस्थिधातुहरु पहिले पनि निधान गरिएको थियो भने थाइल्याण्डका परमपूज्य सोमदेच संघराजा ञाणसंवरबाट प्रदान गरिएको भगवान बुद्धको दूर्लभ एवं पवित्र अस्थिधातु पनि गजूरमा निधान गरिएको छ।

पोखरा विश्वशान्ति स्तूपको निर्माण, संरक्षण र सम्वर्धनको लागि यसको आफ्नै विधान र नियमहरु

छन् । यसको संरक्षक मण्डलमा अखिल नेपाल भिक्षु महासंघ, धर्मोदय सभा, लुम्बिनी बिास कोष, धर्मशीला बुद्ध बिहार दायक सभा, निप्पोनजान म्याहोजि र कृष्ण बहादुर गुरुङ्ग छन् ।

समितिको कार्य समितिमा कृष्ण बहादुर गुरुङ्ग अध्यक्ष, तिलकमान गुभाजू सचिव(?)पुष्करमान बुद्धाचार्य कोषाध्यक्ष, कृष्णमान गुभाजू सहसचिव, र भिक्षु मोरियोका सोनी, भिक्षु श्रद्धानन्द, प्रकाशमान गुभाजू, खेमराज पौडेल, टीक प्रसाद गुरुङ्ग, इन्सपेक्टर प्रेमबहादुर गुरुङ्ग, काजीबहादुर शाक्य, अजीत शेरचन, देवबहादुर गुरुङ्ग र अशोक गुरुङ्ग सदस्य हुनुहुन्छ ।

पोखरा विश्वशान्ति स्तूप पोखराको अत्यन्त महत्वपूर्ण पर्यटकीय स्थलमा अवस्थित छ। फेवातालको दक्षिण पश्चिमको रमणीय डाँडामा रहेको स्तूप क्षेत्रबाट उत्तरतिर फैलिएको हिमालयको लामो श्रृङ्खला हेर्न सकिन्छ। ती मध्ये पुट्ठा हिमाल, धौलागिरी, अन्नपूर्ण, माछापुच्छ्रे, हात्तीसूडे, हिमचूली, रकनोयर डोम, गंगापूर्ण, मर्दी हिमाल, लम्जुङ्ग हिमाल, मानापाथी, मनासुलु, डाकुरा, बौद्ध हिमाल, बराहशिर र हिमालचूली प्रमुख छन् । मौसम सफा भएको बेलामा लार्के गणेश हिमाल पनि दृष्टि गोचर हुन्छ । स्तूप क्षेत्रबाट फेवाताल, पोखरा उपत्यका, हरिया डाँडा काँडाहरु र श्वेत, हिम श्रृङ्खलाहरु सबै एकैसाथ देख्न सकिने भएकोले यो क्षेत्र अरु महत्वपूर्ण हुन गएको छ ।

पोखरा उपत्यकाको पश्चिमी भागमा रहेको विश्वशान्ति स्तूप पोखराको मुख्य बजार महेन्द्रपुलबाट करीब ७ किलोमिटर टाढा छ । सो ठाउँमा जाने विभिन्न बाटाहरु छन् । पोखरा बजारबाट नगर बस र अन्य सवारी साधनहरु प्रयोग गरेर छोरेपाटन पुग्ने र त्यहाँबाट करीब १ घण्टा उकालो चढेर स्तूप क्षेत्र पुग्न सकिन्छ । फेवातालमा नौका विहार गरेर पारी गएर उकालो चढेर पनि थुम्की पुग्न सकिन्छ। फेवातालको बाँधभन्दा केही पर निर्मित झोलुङ्गे पुल भई विस्तारै उकालो चढेर पनि यस स्थल पुग्न सकिन्छ। झोलुङ्गे पुलबाट जाँदा बाटो अलि लामो भएपनि उकालो कम भएकोले जान निकै सजिलो छ । पुम्दी भूम्दीको कालीमाटीको बाटो भएर जाँदा बाटो छोटो भइ छिटो पुग्न सकिन्छ । पर्यटकहरु स्तूप क्षेत्र भएर पञ्चासे डाँडासम्म पनि जाने भएकोले बाटो सरल र सुगम छ। छोरेपाटनबाट श्री ५ को सरकारले मोटरबाटो जाने बाटो पनि बनाएको छ। यसबाट यात्रीहरुलाई सुविधा भएको छ। अहिले बाटोमा पिच भएको छैन । जीप अथवा मिनीबसबाट गएर ५ मिनेट हिँडेर पोखरा विश्वशान्ति स्तूप पुग्न सकिनेबाट श्रद्धालुहरु र पर्यटकहरुलाई सुविधा प्रदान गरेको छ ।

पोखरा विश्वशान्ति स्तूप दिवंगत श्रद्धेय निचिदात्सु फुजीगुरुजीको पुण्य पारमिता र दिवंगत धर्मशीला अनगारिका एवं दिवंगत मीनबहादुर गुरुङ्गको शान्ति पारमिता तथा वीर्य पारमिताको प्रतिक हो ।


**अनगारिका धर्मशिलाको १७ औं पुण्य तिथिमा**

गुरुमाप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु र
गुरुमाको स्मृतिमा स्थापित
धर्मशिला विद्धत वृति प्राप्त गर्नुहुने भिक्षु सुशीललाई
**हार्दिक बधाई ज्ञापन गर्दछु ।**

प्रो. कमलकुमार गुरुङ्ग
मनोकामना आयल स्टोर्स
बुद्धचोक, पोखरा
फोन: ५२१८३२, ५२२४१९

# चैत्य वा स्तूप संम्बन्धी थप जानकारी

चैत्य वा स्तूप बनाउने चलन भगवान बुद्धकै पालादेखि भएको हो । भगवान बुद्धका पहिलो उपासक हुने सौभाग्य पाएका तपस्सु र भल्लुक दुई व्यापारीले बुद्धसंग स्मरणकालागि केशधातु मागेर लगी त्यही केशधातुराखी आफ्नो ठाउँमा चैत्य बनाएको बौद्ध वाङ्मयमा उल्लेख छ ।

## चैत्य चार किसिमका हुन्छन् -

१) बुद्धको अस्थिधातु राखेर निर्माण गरिएको चैत्यलाई **शारीरिक धातु चैत्य** भन्दछन् ।

२) बुद्धले प्रयोग गरेका विभिन्न वस्तुहरु राखी निर्माण गरिएको चैत्यलाई **परिभोग चैत्य** भन्दछन् ।

३) धर्मलाई स्थाई बनाउनका लागि निर्माण गरिएको चैत्यलाई **धर्म चैत्य** भन्दछन् ।

४) कलाको प्रदर्शन लगायत विभिन्न उद्देश्य राखी निर्माण गरिएको चैत्यलाई **उद्धेश्य चैत्य** भन्दछन् ।

कुशिनगरमा भगवान बुद्धको परिनिर्माण पश्चात दाह संस्कार गरी बाँकी रहेका अस्थिधातु त्यसवेलाका आठवटा राज्यहरुमा विभाजन गरियो । प्रत्येक राज्यले निम्न लिखित स्थानमा आफूले पाएको शारीरिक धातु राखेर चैत्य बनाए ।

१. मगध नरेश अजात शत्रूले राजगृह नगरमा
२. वैशालीका लिच्छविहरुले वैशालीमा
३. कपिलवस्तुका शाक्यहरुले कपिलवस्तु, नेपालमा
४. अल्लकप्पका वुलिहरुले अल्लकप्पमा
५. वेठीद्वीपका ब्राह्मणहरुले वेठीद्वीपमा
६. पावाका मल्लहरुले पावामा
७. कुशिनगरका मल्लहरुले कुशिनगरमा
८. रामग्रामका कोलियहरुले रामग्राम, नेपालमा
९. जुन माना या भाँडोमा राखी अस्थिधातु भाग लगाएर वितरण गरिएको थियो, त्यो माना या भाँडो द्रोण नामक ब्राम्हणले पाए, उनले आफ्नो ठाउँमा त्यही माना या भाँडो राखी चैत्य बनाए ।
१०. विप्पलीका मौर्यहरु अस्थिधातु वितरण गरिसकेपछि कुशिनगरमा आएकाले उनीहरुले दाहसंस्कार गरिएको खरानी र गोलहरु लिएर आफ्नो बिप्पली वनमा स्तूप बनाएको बौद्ध वाङ्मयमा उल्लेख गरिएको छ ।

करिव २५० वर्ष पछि सम्राट अशोकले ८४,००० चैत्य निर्माण गर्ने उद्देश्यले नेपालको रामग्राम स्तूपमा राखिएको अस्थिधातु बाहेक अन्यत्रका सातवटा ठाउँका अस्थिधातु झिकेर बिभिन्न ठाउँमा चैत्यहरु निर्माण गरे ।

सम्राट अशोकले टाढाटाढा सम्म धर्म प्रचार गर्न टोलीहरु (मिशन) पठाएका थिए । त्यसरी मिशन गएको ठाउँहरुमध्ये वर्तमान पाकिस्तानको कास्मीर र गान्धार प्रदेश, भारतको महेश्वर, उत्तर वम्वई, वम्वई र महाराष्ट्र, ग्रीक राज्य, सिरिया, मिश्र, हिमाली प्रदेश नेपाल, सुवर्ण भूमि म्यानमार र ताम्रपाणी श्रीलका मुख्य छन् । ती मिशनले आफ्नो साथमा अस्थिधातु पनि लगेका थिए । सम्राट अशोकको पालामा बुद्धधर्म विश्वव्यापी रुपमा फैलिए अनुसार अस्थिधातु पनि फैलिदै गएको देखिन्छ ।

वर्माको श्वेतगोङ चैत्य र स्तेजिगान महास्तूप, श्रीलंकाको थूपाराम चैत्य र दन्त मन्दिर (Temple Of Tooth) चीनको प्रशिद्ध अशोक मन्दिर र नेपालको अशोक थुर तथा चैत्य आदि प्राचीन चैत्य मानिन्छ ।

हालै श्रीलंका, थाइल्याण्ड र वर्माले संयुक्त राष्ट्र संघले आफ्नो सन् १९९९ डिसेम्बरको वैठकद्वारा भगवान बुद्धको जन्म, संवेधि लाभ तथा महापरिनिर्वाण प्रप्तिको संयोग परेको दिन वैशाख पूर्णिमामा सार्वजनिक विदा घोषणा गरेकोमा खुशी प्रकट गरेर त्यस विश्वसंस्थालाई भगवान बुद्धको अस्थिधातु प्रदान गरेको छ । त्यसरी प्रदान गरिएको अस्थिधातु विश्वका विभिन्न मुलुकमा दर्शनका लागि लग्ने क्रममा २०६० साल श्रावण २३ गते नेपालमा पनि ल्याइएको थियो । त्यसरी विश्व परिक्रमा गरी सो अस्थिधातु संयुक्त राष्ट्र संघको प्रधान कार्यालय, न्यूयोर्कमा स्थायी रुपले चैत्य निर्माण गरी प्रतिस्थापन गरिने छ ।

# अनगारिका धर्मशीला गुरुमा एक संस्मरण

चन्द्रलक्ष्मी गुभाजु

अनगारिका धर्मशीला गुरुमाको विषयमा म तानसेनमा छँदा नै धेरै कुरा सुन्ने गर्दथें। मेरा पिताज्यू श्री पूर्णमान शाक्य र उहाँका साथीहरुले पनि धेरै पटक उहाँका विषयमा कुरा गरेको मैले सुनेको थिएँ। उहाँका सक्रियता र प्रभावकारिताका विषयमा यताउता निकै चर्चा परिचर्चा हुने गर्दथ्यो।

साथै गुरुमाको नातेदार तानसेनमा पनि भएकाले उहाँहरु मार्फत पनि मैले केही सुन्ने बुझ्ने मौका पाएको थिएँ। नातेदारहरु केहीले त कुरा गर्दा उहाँलाई 'नेता' भन्ने गरेको पनि मेरो कानमा परेको थियो। एकजना धार्मिक व्यक्तिलाई किन नेता भनियो भन्ने कुरा मेरो मनमा पर्दथ्यो। तर जब मैले पहिलो पटक उहाँलाई देखें, उहाँको त्यो अग्लो कद, रहन सहन, कुरा गर्ने तौर तरिका र व्यवहार देख्दा उहाँ साँच्चैकै नेता हो कि जस्तो लाग्यो।

उहाँमा नेतामा हुनुपर्ने गुण पर्याप्त थियो। उहाँको सोच्ने र बिचार गर्ने तौर तरिका, निर्णय गर्ने क्षमता र त्यो निर्णको कार्यान्वयन गर्ने तथा नेतृत्व गर्ने खूबी देख्दा मैले पनि मनमनै गुरुआमालाई साँच्चैनै नेताको रुपमा लिएको थिएँ। तर पछि जब उहाँको राजनैतिक पृष्ठभूमि थाहा भयो, तब उहाँका नातेदारले किन नेता भनेका रहेछन् भन्ने मलाई प्रष्ट भयो। धर्मशीला गुरुआमाले २००७ सालको जनक्रान्तिमा भाग लिनु भएको रहेछ। उहाँले भागलिनु भएको मात्र होइन, नेतृत्व पंक्तिमा नै रहेर निर्णायक भूमिका पनि खेल्नु भएको रहेछ। उहाँ प्रजातन्त्रका सेनानीका रुपमा सम्मानित हुनुभएको रहेछन्।

एकजना धार्मिक व्यक्तित्व, त्यसमा पनि अनागारिका भएर राजनीतिमा लाग्नु उचित हो कि होइन भन्ने प्रश्न पछि सम्म उठ्ने गर्दथ्यो। सामान्यतया धर्म र राजनीतिको क्षेत्र बेग्लाबेग्लै छ। त्यसैले धार्मिक व्यक्तिले राजनीतिमा हात हाल्नु हुदैन भन्ने आम धारणा भएको पाइन्छ। तर त्यो राजनीतिले आफ्नो धर्म माथि प्रतिवन्ध लगाएको बेलामा, त्यसको बिरोधमा मैदानमा उत्रनुलाई कसैले 'अन्यथा' भन्न हुँदैन। राणाकालमा भिक्षु बन्न पाइदैनथ्यो। भिक्षु बनेको आरोपमा कतिपयलाई देश निकाला गरिएको थियो भने कतिलाई जेलमा राखिएको थियो। त्यस्तो अन्यायी र अत्याचारी शासनको बिरोधमा कोही लाग्दछन् भने, त्यसलाई अन्यथा भन्न हुदैन। यही आधारमा धर्मशीला गुरुआमाले राजनीतिमा लागेर जुन नेतृत्वदायी भूमिका निर्वाह गर्नु भयो, त्यसलाई समर्थन गर्नुपर्ने, प्रशंसा गर्नुपर्ने, र अभिनन्दन गर्नुपर्ने औचित्यता साबित हुन्छ।

म पोखरामा आएपछि उहाँको नजिक रहेर काम गर्ने अवसर पाएँ। जति म उहाँको नजिक बसें। उति म बढी प्रभावित भएँ। उहाँको बारेमा अरु धेरै कुरा थाहा पाएँ। धर्मशीला गुरुआमा किशोरावस्थामानै भारतको कुशिनगरमा गएर प्रवज्जित हुनुभयो। त्यसअघि उहाँले पोखरामा भिक्षु धर्मदानबाट साक्षर हुने र अरु केहि पढ्ने अवसर पाउनु भएको थियो। कुशिनगरबाट फर्केर उहाँले शिक्षाको ज्योति फैलाउनु पर्ने रहेछ भनेर यहाँका गन्यमान्यहरुका साथ काँधमा काँध जोडेर शैक्षिक संस्था खोल्ने र त्यसलाई के-कसरी संचालन गर्ने भन्नेतिर लाग्नु भयो। त्यसको लागि चन्दा उठाउने देखि संचालक समितिमा रहेर पनि उहाँले धेरै सेवा गर्नु भयो। उहाँ यहाँको कन्या स्कूल देखि अन्य कतिपय स्कूलको संस्थापक भएर पनि काम गर्नु भएको थियो।

धर्मशीला गुरुआमा नयाँ नयाँ सोच र चिन्तन गर्नुहुन्थ्यो। समयको मागलाई बुझ्नुहुन्थ्यो। तदनुसार काम गर्नुहुन्थ्यो। उहाँले नेपालमा पहिलो पटक बौद्ध

सम्मेलनको अवधारणा ल्याउनु भयो र २०२९ सालमा नै पोखरामा पहिलो पटक महापरित्राण तथा बौद्ध सम्मेलनको आयोजना गर्नुभयो । पोखरेलीहरुले यो गौरव गर्ने कुरा छ कि उहाँको प्रथम वार्षिकीको पुण्य तिथि २०४४ साल कार्तिक २५ गतेदेखि २८ सम्म दाश्रो पटक पोखरामा भएको महापरित्राण तथा बौद्ध सम्मेलन पश्चात मात्र धर्मदय सभाले राष्ट्रिय बौद्ध सम्मेलनको क्रम शुरु गरेको हो ।

धर्मशीला गुरुआमाले जापानका भिक्षु निचिदात्सु फूजी र मीनबहादुर गूरुङ्गका साथ पोखरामा विश्वशान्ति स्तूप स्थापनाका लागि पनि अथक प्रयास गर्नुभयो । निर्माण भैरहेको शान्तिस्तूप प्रशासनले २०३१ सालमा जवर्जस्ती भत्काइ दिंदा उहाँले ठूलो चोट सहनु पऱ्यो । शान्तिस्तूप कुनै कारण भएर भत्काईएको होइन, त्यो भत्काउनका लागि कारणको खोजि गरि एको पोखराका बौद्धहरुको भनाई छ । हुन पनि बुद्ध जन्मेको देशमा बुद्धको नाममा निर्मित शान्तिस्तूप भत्काउनु भनेको सोचेमा असाधारण कुरा हो । अस्वाभाविक कुरा हो, र असहिष्णु कुरा हो । प्रशासनमा रहेका र प्रशासनलाई प्रभाव पार्नेहरुको अविवेकपूर्ण सल्लाहले त्यो दुःखद घटना घट्यो । त्यो शान्तिस्तूपको पुनर्निर्माणको लागि उहाँले आजीवन संघर्ष गर्नु भयो । तर पुनर्निर्माणको यो सुखद अवसर भने उहाँले देख्न पाउनु भएन ।

आफ्नो जीवनको उत्तरार्धमा आएर उहाँले बौद्ध एकताको आवश्यकता महशुस गर्नुभयो । त्यसको लागि धेरै चिन्तन मनन गर्नु भयो । जापानका भिक्षु मोरियोका सोनीसँग परामर्श गर्नु भयो र उहाँले आषाढ पूर्णिमाको दिनमा पोखरा उपत्यकाव्यापी बुद्धपूजाको शुरुवात गर्नुभयो । २०४१ सालमा शुरु भएको त्यो उपत्यकाव्यापी बुद्ध पूजाले वास्तवमा नै यहाँ छरिएर रहेका बौद्धहरुलाई नजिक ल्याउन, सम्पर्क बढाउन तथा एकता कायम गर्न सघाएको छ । त्यो पूजा प्रत्येक वर्ष सबै गुम्बा विहारले पालै पालो आयोजना गरिने भएकोले त्योपनि पोखराको विशेषता भएको छ ।

उहाँको जीवनको महत्वपूर्ण घटनाहरु मध्य कास्की जिल्लाको घाचोक निवासी जयलाल लम्साललाई प्रवज्जित गर्नु पनि हो । जिल्लाको उत्तरी भेकमा शैक्षिक सामाजिक राजनैतिक जागरण ल्याउनमा कटिबद्ध भै लागेका, पुरेत्याइँ काम गरेर धर्मकर्ममा लागेका तथा चारधामको चार पटक तीर्थयात्रा गरेर पनि संतुष्ट नभएका ७५ वर्षिय लम्सालले त्यो उमेरमा बुद्धधर्ममा दीक्षित भै भिक्षु हुनुभयो । उहाँ अहिले ९९ वर्षको हुनुहून्छ र बुद्धधर्ममा दीक्षित भएर अत्यन्त सन्तुष्ट भएको विचार व्यक्त गर्नुहुन्छ ।


**अनगारिका धर्मशिलाको १७ औं पुण्य तिथिमा**

गुरुमाप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछ र

गुरुमाको स्मृतिमा स्थापित

**धर्मशिला विद्वत वृति प्राप्त गर्नुहुने भिक्षु सुशीललाई**

**हार्दिक बधाई ज्ञापन गर्दछ ।**

**ताङ्वे निर्माण सेवा**

फिर्के, पोखरा

फोन: ५२८००९

## अजगारिका धर्मशिलाको १७ औं पुण्य तिथिमा गुरुमाको

हार्दिक स्मरण गर्दै उहांको नाममा स्थापित

# धर्म शिला विद्वत वृत्ति

प्राप्त गर्नुहुने भिक्षु सुशीललाई

## हार्दिक शुभकामना ब्यक्त गर्दछौं ।


**सुश्री कृष्णकुमारी ताम्राकार**
ज्ञानमार्ग, नदीपुर- पोखरा
फोन नं: ५३३५४८

**श्रीमती राज्यश्री स्थापित**
नदीपुर, पोखरा
फोन नं: ५२११०८

**सुश्री सूर्यमाया बज्राचार्य**
मोहरिया टोल, पोखरा
फोन नं: ५२३६४८

**सुश्री सन्तमाया बज्राचार्य**
मोहरिया टोल, पोखरा
फोन नं: ५३७४१२

**श्रीमती सरस्वती बुद्धाचार्य**
मोहरिया टोल, पोखरा
फोन नं: ५२२३४२

**श्रीमती चन्द्रलक्ष्मी गुभाजू**
नयाँबजार, पोखरा
फोन नं: ५२०२४६

# बुद्ध तिमी फर्केर आऊ

अम्बिका शाक्य
धरान-१२, मयूरपथ

आऊ बुद्ध दिब्य ज्योति
फिजाई एकपल
संसारको अन्धकार हटाउन
टेकेर आउ सात पाइला
कमल फूलमा
संसारको अज्ञानता हटाउन ।

अहिंसा दया र क्षमा
संसारबाट हराइरहेको छ ।
बिजुलीको प्रकाशले उज्यालो
पारेन यो संसारलाई
तिम्रो ज्ञानको ज्योति
पुञ्जको अति आवश्यक परेको छ ।

विश्व यहाँ तिमीले दिएको
शान्तिको खोजमा भौंतारिरहेको छ ।
हिंसा पिडा र अज्ञानताले
पोलिएको मानव जातिहरूको

मन छोइ आनन्द र
शान्ति दिलाउन फर्कि आउ ।
मानिसलाई संसारको सार बुझाउन
फेरी फर्केर आउ
कलंकी अवतारले पृथ्वी ध्वंश हुन्छ भन्छन् ।
फेरी तिमी धरतीको दुख हटाउन
शान्ति सन्देश छर्न
फेरी एकपल्ट संसारमा
आनन्द ल्याउन फर्केर आउ ।

हत्या, हिंसा, आङ्कतको आर्तनादले
विश्व आज अशान्त भैरहेको छ ।
पीडाबोधले जर्जर भई
तिम्रो शान्तिको खोजमा भौतारिरहेको छ ।
बुद्धभूमि नेपालमा तिम्रो आवश्यक छ
हाम्रो पुकार सुनेर तिमी आउ
बुद्ध, जसरी भएपनि तिमी आउ ।

**अनगारिका धर्मशिलाको १७ औं पुण्य तिथिमा**

गुरुमाप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछ र गुरुमाको स्मृतिमा स्थापित

**धर्मशिला विद्धत वृत्ति प्राप्त गर्नुहुने भिक्षु सुशीललाई**

**हार्दिक बधाई ज्ञापन गर्दछ ।**

**रत्नश्री जीम**
फिजिकल फिटनेस क्लब
तेर्सापट्टी, पोखरा, फोन ५२२३१८
(अन्तर्राष्ट्रिय स्तरको साधन र बिबिध सुबिधा)

# चाण्डालिकाको प्रेम

नवीन, चितवन

आखिर छोरीको जिद्दीको अगाडि आमाको केही लागेन । एक दिन आमाचाहिँ आनन्द महास्थविरलाई भेट्न गइन् र भोलिपल्टको भोजनको लागि निमन्त्रणा पनि गरिन् । महास्थविरले त्यो निमन्त्रणा स्वीकार गर्नुभयो । भोलिपल्ट समयमै चाण्डलिकाको घरमा निमन्त्रणामा पुगे । भोजनपश्चात् आमाचाहिँले कुरा अगाडि बढाइन्, "भन्ते ! मेरी छोरीले तपाईलाई पानी दिएदेखि खान पिउन वास्ता जगरी भौकाइरहिन । केवल तपाइको यादमा मात्र रोइरहिन्छिन् । जीउ सुकेर गयो । तपाइ बिना मेरी छोरी अब बाँच्दिनन् । त्यसैले तपाइ यहीं घरमै रहनुहोस् र मेरी छोरीलाई दासीको रुपमा स्वीकार गर्नुहोस् ।"

" म एउटा ब्रम्हचारी हुँ, म कुनै स्त्रीलाई ग्रहण गर्न सक्दिन ।" आनन्द महास्थविरले यो वाक्य पूरा गर्न पाएकै थिएन चाण्डालिकाकी आमा बीचमै बोलिहालिन् -' अहो भन्ते ! यस्तो कुरा नभन्नुहोस् । मेरी छोरी माथि तपाइले करुणा राख्नुभएन भने उ मरिजाने नै भइन् । "

"यसको औषधी मसंग कुनै छैन । मैले उसमाथि दया राखेको हुँ । तर उसले प्रम गरिन् जुन प्रेमले शोक उत्पन्न गर्दछ । तसर्थ मैले यस प्रेमलाई दोष देखि घरमै छोडेर आएँ । निष्फल बिचार त्याग्नु नै श्रेयष्कर छ । तपाई आफ्नो छोरीलाई सम्झाउनुस् । " -महास्थविरले जवाफ दिनुभयो ।

महास्थविरको यस्तो गम्भिर कुरा सुनेपछि आमा चाहिँ कोठा भित्र पसिन् र आफ्नी छोरीलाई गाली गर्न थालिन् तर आफ्नी छोरीको आँसु भरिएको अँध्यारो मुख देखेपछि उनलाई दया जागेर आयो । छोरी चाहिँले मन्त्रवलले बशमा लिनको लागि भनिन् तर आमा चाहिँ लाई पक्कै विश्वास थिएन कि उनले तथाकगको श्रावकसंघलाई आफ्नो मंत्र बलद्वारा वशमा पार्न सकोस् । तैपनि आशा न हो, सफल पनि होला कि भन्ने उत्साहले प्रयत्न गरेरै छाडिन् । झ्याल ढोकाहरु सबै बन्द पारिन् र महास्थविरलाई त्यहि बन्द कोठामै थुनिन् । अनि तल आँगनमा ओर्लिई आगो बालेर मन्त्र जप गरिन । फेरी माथि आएर भनिन् -"लौ श्रमण ! यदि तपाइले मेरी छोरीलाई स्वीकार गर्नु भएन भने तपाइलाई यो मन्त्र गरि राखेको आगोले जलाइदिन्छु । तपाई के भन्नुहुन्छ ?"

चाण्डालिकाकि आमाको यस्तो अपत्यारिलो स्वाभाव देखेर महास्थविरलाई अनौठो लाग्यो तर उहाँलाई कताकताबाट केहि डर लागे जस्तो पनि भयो । अनि तथागतको प्रथम उपस्थापक महास्थविर आनन्दले तुरुन्त बुद्धको स्मरण गर्नु भयो र स्मरण सँगै ठूल्ठूलो स्वरले पनि कराउन थाल्नुभयो । मंत्रको विश्वासी चाण्डालिकाकी आमा महास्थविरको यस क्रियाले निकै डराइन् र हत्तपत्त सबै झ्यालढोकाहरु खोलिदिइन् ।

आनन्द महास्थविर बन्धनबाट मुक्त हुनुभयो र वहाँ सरासर आफ्नो बाटो तिर लाग्नु भयो र भएका सारा कुरा बुद्धलाई बिन्ति चढाउनुभयो ।

यता, चाण्डालिकाले आनन्द भागे भन्ने थाहा पाएपछि फेरि ठूल्ठूलो स्वरले विलाप गर्न शुरु गरिन् । भोलीपल्ट आनन्दको यादले पागल बनेकी उनी महास्थविरको खोजिमा गाउँभरि यताउता चहारिरहिन् र अन्त्यमा पिण्डपात्र लिई बसेका आनन्दलाई भेट्टाइछाडिन् । आफ्नो हृदयको पात्रलाई भेटेपछि चाण्डालिकाले छोड्ने कुरै थिएन र फलस्वरुप आनन्दको पिछा गर्नथालिन् । वहाँले त्यो पिछा छुडाउनको लागि कति कोशिश गर्नु भयो तर करुणा र दयालाई प्यार सम्झने चाण्डालिकाले ज्यान गएपनि छोडेको हैन । आखिर महास्थविरलाई केहि नलागि

जेतवन विहारसम्म जानुभयो र चाण्डालिका वहाँको पछि पछि । बुद्धको सामुन्ने गई आनन्दले ती युवतीले पिछा गरिराखेको सारा कुरा सुनाउनु भयो । बुद्धले ती युवतिलाई बोलाउन लगाउनुभयो र सोध्नुभयो- "तिमी किन आयुष्मान आनन्दको पिछा गरिरहन्छौ ?"

युवतीले भनिन् -" आनन्दले मेरो हातबाट पानी पिउनु भयो । मलाई सम्मान गर्नुभयो । यसको बदलामा म के दिउँ ? फेरी आनन्दलाई सेवा गर्ने दासी यहाँ कोहि छैन । मलाई उहाँको रुप पनि अति राम्रो लाग्छ । म पनि आनन्द जस्तै राम्री छु । म पनि एक मानव हुँ । प्रत्येक मानवलाई भएको स्वतन्त्रता र अधिकारको हक म जस्तो एक अछुत जातिको स्त्रीलाई पनि छ भन्ने कुरा मैले पहिलोपल्ट वहाँ बाट थाहा पाएँ । म पनि प्रत्येक पुरुष सरह नै हकवाला हुँ । त्यसैले म वहाँको दासी भएर वहाँको सेवा गर्छु ।"

बुद्धबाट आज्ञा भयो," आनन्द त प्रवज्जित भइ सकेको भिक्षु हो । उसको शिरमा केश छैन तर तिमी एक गृहस्थी हौ र कपाल पनि पालेकी छौ । यदि तिमी आनन्दकी स्त्री बन्न चाहन्छौ भने तिमीले त्यो कपाल जम्मै खौरिनुपर्छ ।"

युवती- "आनन्द प्राप्त हुने भए म तुरुन्तै कपाल खौरन तयार छु ।"

-"यसो भए घर गएर तिम्रो आमासित पनि सोध अनि त्यहिँ कपाल खौरेर पनि आउनू ।" बुद्धले फेरी आज्ञा गर्नुभयो ।

चाण्डालिका तुरुन्तै घरतिर दौडिन् । आफ्नी आमालाई कपाल खौरिनको लागि पिर्न थालिन् । प्रवज्जित भैसकेको तरुणको आसा राख्नु हुँदैन । बरु मन्त्रवलले कुनै उच्च घरानाको कुनै तरुण पुरुषलाई वशमा पारेर ल्याइदिन्छु भनेर आमा चाहिँले मनाउन खोज्दा पनि चाण्डालिकाले केहि मानेकै होइन । अन्तमा रुँदै आमाचाहिले आफ्नी छोरीको कपाल खौरिदिइन् ।

कपाल खौरिएकी सुन्दर युवती जेतवनमा पुगेर बुद्धसित विन्ति चढाइन्-" लौ, भगवानको आज्ञा मुताविक मैले कपाल खौरिसकें । अब मलाई आनन्द दिनुहोस् ।"

"तिमीले आनन्दलाई खुब प्रेम गर्छौ । वास्तवमा तिमीलाई आनन्द किन त्यति मन परेको ? आनन्दको शरिरमा के छ जुन तिमीले औधि मन परायौ ?" - बुद्धले सोध्नुभयो ।

" आनन्दको कुनै दागरहित स्वच्छ अनुहार मलाईमन पर्छ । वहाँका गोला गोला दुई आँखालाई म प्रेम गर्छु । लामो चिप्लो नाकलाई म प्रेम गर्छु । गुलाबी ओंठ, नर म बोली, वहाँको शान्त गमनलाई म प्रेम गर्छु ।"

- बुद्धले प्रेमपूर्वक भन्नुभयो- "तिमीले प्रेम गरि राखेका ती दुइटै आँखाबाट अपवित्र चिप्रा आँसु निस्कन्छन् । वृद्ध हुँदै जाँदा फेरी धमिलो हुँदै जान्छ । "

-" अनि लामो चिप्लो नाक...... ...... !" चाण्डालिकाले बुद्धले भन्नुभएको कुरालाई गम्भीररुपले लिंदै सोधिन् ।

- " नाकबाट पनि सिंगान बगिरहन्छ । " -" मुखबाट ऱ्याल, थुक र खकार निस्कन्छ ।"

-" शरीरका प्रत्येक द्वारबाट अपवित्र, काम नलाग्ने वस्तुहरु निस्किरहन्छन् ।"

-" हे युवती ! के तिमी यस्तो शरीरलाई प्रेम गर्छौ ? "

- अनि यतिमात्र होइन, यस्तो अपरिशुद्ध चिजबाट बनेको शरीर पनि एक दिन बितेर जान्छ । यसरी तिमीले औधि प्यार गरिराखेको शरीर बितेपछि विलाप गरेर रोइरहनुपर्ला । अनि तिमी कति रुन्छौ ?

-" यस्तो शरीरलाई तिमी प्रेम गर्छौ ? शरीरको कुन भागलाई तिमी प्रेम गर्छौ ? "- बुद्धले सोध्नु भयो ।

यत्तिकैमा चाण्डालिकाको बिचार परिवर्तन भयो । मनको परिवर्तनले उनलाई तुरुन्तै खरानी भैजाने, कुहिएर जाने, काग, गिद्ध आदिद्वारा तानीतानी खाने हाम्रो यो अनित्य शरीर रहेछ भन्ने ज्ञात भयो । उनी विरक्त भइन् । उनलाई ज्ञान प्राप्त भयो । चाण्डालिकाको हृदय परिवर्तन भएको थाहा पाएर बुद्धले सोध्नुभयो- "तिमीलाई चाहिन्छ भने लैजानु अब, आनन्द स्वामीलाई लगे पनि हुन्छ ।"

" भगवान् ! मैले त्यस्तो अनित्य शरीर नदेखेर आनन्दलाई मागेकी हुँ, अब तपाईको उपदेशले सबै कुरा अनित्य रहेछ भन्ने बुझें । तपाई स्वीकार गर्नुहुन्छ भने म तपाइको श्राविका बन्छु ।"

भगवान बुद्धले सकारात्मक उत्तर दिनुभई आफू आँखा चिम्लेर ध्यानमग्न हुनुभयो, चाण्डालिकाले प्रणाम गरिन् ।

# Shanti Ban Worldwide Campaign SBWC

Dr. Bhikkhu Sugandha

During cold war era each individual was either factionalized or marginalized as western block and eastern block. There used to be a lot of anxiety and fear for conflict, disruption, sabotage etc. All the time , no body was able to visualize what will happen next second, which will happen sometime here and sometime there regularly, peace of mind was not there at any given time.

Then all of collapse of berlin wall ended the horror of cold war era, which ultimately vanished in thin air and there was lot of euphoria for the world peace. People dance with joy expecting peace around the world . But it never be a reality and still there is no sign of positive indication for the world peace. The main reason for the dogmatic situation was created and growing rapidly worldwide now a day with devastating magnoitude is the visible presence of dreadful terrorist worldwide, virtually all the countries U.S.A. to U.K., Russia to Japan, China to Sierra leone, Nepal to Spain etc. are the victim of terrorism activities with no sign of stoppage or slow down over these threatening and negative factors. The sudden collapse of twin tower in New-york due to the terrorism activities is the significant and visible deadly impact for the world peace in recent history, which have resulted significant negative factor in socio-economic scenario in global level, even a single country is not spared from the devastating sabotage .

Nepal as the birthplace of lord Buddha, god of peace, is also not been spared by the internal and external impact of terrorist activities. Nepal has always been the part of the world peace, always contributing through U.N. and other allied countries even though it itself is grip of these factors.

Now after Perceiving these scenarios like minded individuals, who have the vision and commitment of doing something for the world peace; have come up with a positive step as the bottom line for this august idea. So due to these perception they have established an organization called shanty sangha (PEACE FORUM) with the objective of doing anything for the world peace. Now to release the objective shanti sangha has initait shanty bangangle of peace) worldwide campaing (SBWC) as the basic work for the world peace, which has started to gain momentum very rapidly. Many prominent individuals and organizations from many countries either have already indored or are in the verge of endorsing it with positive attitude for this august activity, within one year to consolidate the SBWC activities for the world peace and international gathering is going to take place in Kathmandu some times in may 2003, which will provide gunine forum for the exchange and refinement of the ideas for the best course in future.

Shanty ban complex must have visible image of lord Buddha, images of all other deities as per different religions, meditation center, community development etc. and must be situated in some high altitude platform. The spot itself must reflect the peace, calmness and serenity so that even people could realise physical something peaceful and positive once they see it and they enter the complex. It must be true symbol of center forum peace in lush green area. So, it is perfect match of peace and environment.

(SBWC) is not an easy job for any body or an organization as it requires long term commitment, which covers more than hundreds of years with a lot of generation gap in between. It must stand all the rough weather and every types of changes. It must be the symbol of world peace depicting the true path for the establishment and re-establishment of the activities for the world peace regularly with no hindrance in between. Likewise involvement of individuals and organizations are the most important factor. Campaign needs a regular flow of fund to establish, manage and maintain the campaign. So, it must have fixed fund with timely cash inflow to fulfill objective of doing anything for the worldpeace, Shanty Ban established under the SBWC will work as the independent unit of shanty sangha to fulfill the objective of the shanty sangha and individual Shanty Ban unit will also be the independent unit with affiliation with shanty sangha to the relation of the objectives of doing anything for the world peace.

SBWC committee came up with the idea of iniating its activities from Nepal, as it is the right place to start such august work because it is the birth place of lord of peace, Gautam Buddha, which was endorsed by the shanty sangha, as they took this ided as the best for the positive impact on SBWC activities. So, as the first work under the campaing Shanty Ban, godavari has come into existence on may 25th 2002, as per the vision of mentors of the shanty sangha, it has gigantic 25ft. tall image of the lord Buddha with crystal ball over emerald (gems for peace) in the center depicting the third eye (for peace) in the half meditation posture erected externally on green verging jungle of godavari facing north as taking care of the people in Kathmandu valley. This spot is like oxygen parlar come view tower other than peace cum religious site. Already two meditation camps have been successfully run community development peace camp. museum, meditation center, etc are the part of Shanty Ban this spot has already become one of the focal point in Kathmandu and has started to gain worldwide recognition.

Let us pray that this SBWC being initiated for the world peace will good source for the best of human welfare if we will be able to have world peace all the physical factors will definitely help to realize mental peace, which are the basic for the world peace even if we cannot commit or involve our selves at least we can contribute as we can so that the august activities will be the realization of good vision for the prosperity and development around the world, as we know that drop and drop makes the sea, which is the roof of world peace.

# अनगारिका धर्मशिलाको १७ औं पुण्य तिथिमा

गुरुमाप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं र
गुरुमाको स्मृतिमा स्थापित

## धर्मशिला विद्धत वृत्ति प्राप्त गर्नुहुने भिक्षु सुशीललाई

## हार्दिक बधाई ज्ञापन गर्दछौं ।

श्रीमती दमयन्ती शाक्य
तेर्सापट्टी, पोखरा
**फोन नं: ५२०६३२**

श्रीमती रुकु शाक्य
नदीपुर, पोखरा
**फोन नं: ५३०७७१**

श्रीमती नेत्रकुमारी गुभाजू
मोहरिया टोल, पोखरा
**फोन नं: ५२२४२९**

श्रीमती बिमला बुद्धाचार्य
मोहरिया टोल, पोखरा
**फोन नं: ५२१९६८**

श्रीमती पंचलक्ष्मी बुद्धाचार्य
मोहरिया टोल, पोखरा
**फोन नं: ५२७२४३**

श्रीमती मंगली बज्राचार्य
मोहरिया टोल, पोखरा
**फोन नं: ५२०६८२**

# विश्व शान्ति तथा प्राणीहरुको सुख, शान्ति, समृद्धि तथा मुक्तिको लागि कांग्युर पाठ कार्यक्रम

पोखरा ।

देश तथा विदेशमा घटिरहेको हत्या, हिंसा र आतंकको अन्त्य भई विश्वमा शान्ति फैलियोस् भन्ने कामनाको साथै नेपालीहरुको महान चाड दशैंको अवसरमा देशका विभिन्न मठ मन्दिरहरुमा बलि चढाइएका असहाय पशु पंछीहरुको मुक्तिको कामनाका साथै समस्त तमु समाज र मानव समुदायको सुख, शान्ति र समृद्धिको लागि बौद्ध अर्घौ सदन, रामघाट, पोखराले यही २०६० साल आश्विन ९ गतेदेखि २३ गतेसम्म बौद्ध धर्मको पवित्र धार्मिक ग्रन्थ कांग्युर (त्रिपीटक) को पाठ विधिपूर्वक सम्पन्न गऱ्यो ।

भगवान बुद्धले बुद्धत्व प्राप्त गर्नु भएपछि ४५ वर्षसम्म आफुले प्राप्त गर्नु भएको ज्ञानबाट सबै प्राणीहरुको उद्धार होस् भन्ने पवित्र धारणा राखेर धर्म प्रचार गर्दै जीवन बिताउनु भयो । यसरी प्रदान गर्नु भएको उपदेशहरु अर्थात् भगवान बुद्धका वचनहरु 'त्रिपीटक' ग्रन्थमा जम्मा गरेर राखिएको छ। यिनै बुद्ध वचनहरु पाली भाषाबाट तिब्बती भाषामा अनुवाद गरेर त्यसको नाम 'कांग्युर' राखिएको हो ।

भगवान बुद्धका उपदेशहरु सुनेर मात्र पनि अपार पुण्य लाभ हुन्छ, मुक्ति मिल्छ भन्ने बुद्ध मार्गीहरुको विश्वास रही आएको छ। सम्पन्न व्यक्तिहरुले आआफ्नो घर-घरमा भिक्षु तथा लामाहरु निम्त्याई 'कांग्युर' पाठ गराएर पुण्य लाभ गर्ने चलन व्यापक छ तापनि सर्वसाधारण १०० ठेलीको ग्रन्थ घर-घरमा पाठ गराउन कठिन छ। तसर्थ सबै तमुहरुको प्रतिनिधित्व र सहभागी जुटाउँदै यो सामुहिक पाठ गराउने आयोजना गरिएको हो ।

तमु समाजलाई स्मरण गराउन चाहन्छौं कि उपासक सुवेदार श्री धनलाल घलेज्यूले १०० ठेलीको 'कांग्युर' ग्रन्थ बौद्ध अर्घौ सदनलाई चढाउनु भएको र गत वर्ष वहाँकै परिवारको अग्रसरतामा सो ग्रन्थको पाठ निरन्तर रुपमा सदनले सन्चालन गराउन सहयोग स्थापना गरी दिनु भएको छ। प्रत्येक वर्ष सो कोषबाट प्राप्त ब्याज र भक्तजनहरुबाट पाउने दानबाट 'कांग्युर' पाठ संचालन हुँदै आएको छ। सोही अनुरुप गत वर्षको कार्यक्रम र यस वर्षको कार्यक्रमबाट एक-एक लाख रुपैंया बचत भएर मूल कोषमा जम्मा गर्दा अब सो कोषको रकम पाँच लाख पुग्ने भएको जानकारी गराउन चाहन्छौं ।

'कांग्युर' पाठ गर्ने कार्यक्रम बौद्ध अर्घौं सदनको वार्षिक कार्यक्रमको एक प्रमुख कार्यक्रम हो र यसबाट हुने आम्दानीबाट केवल अक्षयकोष बढाउने लक्ष्यमात्र नभई कार्य समिति र उपसमितिको निर्णय अनुसार सदनको सर्वाङ्गीण विकासमा पनि खर्च हुँदै आएको छ र भविष्यमा पनि हुनेछ ।

यस वर्षको कार्यक्रममा आ-आफ्नो अमूल्य समय र परिश्रम दिनु भएका र निःस्वार्थ भक्ति भावनाले दान दिनु भई कार्यक्रम सफल पारी दिनु भएका सम्पूर्ण भक्तजन, कार्यसमिति, उपसमिति तथा आमा समूहका सदस्यहरुका साथै प्रमुख लामा तथा अन्य लामाहरुप्रति बौद्ध अर्घौं सदन हार्दिक आभार व्यक्त गर्दछ ।

# अहिंसा पर्वको उपलक्ष्यमा कार्यक्रम

पोखरा ।

धर्मशीला बुद्ध बिहारमा अहिंसा पर्वको उपलक्ष्यमा असोज १८ गते बिहान शील प्रर्थना, बुद्ध पूजा, ध्यान भावनाको अभ्यास गरी सपन्न गरियो ।

सम्राट अशोकले अलिङ्गयुद्ध पश्चात युद्धको विभत्सताबाट वैराग्य भै हात हतियार परित्याग गरेर अहिंसा धर्ममा दीक्षित भएको उपलक्ष्यमा बौद्धहरु विजया दशमीलाई अहिंसा पर्वको रुपमा मान्ने गर्दछन् ।

विजया दशमीकै दिन सम्राट अशोकका छोरा र छोरी महेन्द्र र संघमित्राले श्रीलंकामा बुद्ध धर्मको प्रसार गरेका थिए ।

त्यस्तै महान गुरु पद्म सम्भवको पावन जन्मदिन पनि विजया दशमी नै भएकोले पनि यो दिनको ठूलो महत्व बढेको छ ।

साथै विजया दशमी कै दिन भारतको संविधान निर्माता डा. भीमराव रामजी अम्बेडकरले आफ्ना

लाखौं अनुयायीका साथ बुद्धधर्ममा प्रवेश गरेको हुनाले पनि यसको अरु महत्व बढेको छ ।

इतिहासका ती सबैलाई दृष्टिगत गरेर बौद्धहरुले विजया दशमीलाई अहिंसा पर्वको रुपमा मनाउने गरेका छन् ।

धर्मशीला बुद्ध विहारमा भएको कार्यक्रममा भिक्षु श्रद्धानन्दले सो दिनको महत्व माथि चर्चा गरेर विशद धर्म देशना गर्नुभयो । उहाँले हत्या हिंसा र आतङ्क मच्चिरहेको बेलामा अहिंसा नै एकमात्र यस्तो बाटो हो, जसले समाजमा शान्ति छाउन सक्छ भन्नुभयो ।

सभामा धर्मोदय सभाका सभापति डा. गेहेन्द्र मान उदास पोखरेली, बौद्ध अर्घौ सदनका पूर्व अध्यक्ष बिलबहादुर गुरुङ्ग, पोखरा विश्व विद्यालयका रजिष्ट्रार प्रकाश मान गुभाजू र ज्ञानमाला संघका सभापति गोविन्द ताम्राकारले शुभकामना व्यक्त गर्नुभएको थियो ।

## नेपाल संवत ११२४ नयाँ वर्ष उत्साहपूर्वक मनाइयो

पोखरा ।

नेपाल संवत् ११२४ नयाँ वर्ष यहाँ विविध कार्यक्रमहरु राखी मनाइयो । मुख्य कार्यक्रम नेवा खल कास्कीको आयोजनामा भएको थियो । नयाँ वर्षको पहिलो दिन म्ह पूजा अर्थात कार्तिक ९ गते बिहान भिन्तुना च्यालीको आयोजना गरिएको थियो ।

सो भिन्तुना च्याली रामबजारमा पुगी सभामा परिणत भयो । सभामा प्रमुख अथिति नेपाल भाषाका ख्यातिप्राप्त लेखक तथा धर्मोदय सभाका महासचिव प्रा. सुबर्ण शाक्यले नेपाल संवत्‌को महत्व माथि प्रकाश पार्दै सरकारले यसलाई छिटो मान्यता दिनुपर्ने बताउनु भयो ।

नेवा खल कास्कीका सभापति प्रकाशमान पालिखेले समाजको यस्तो कार्यक्रममा सबैले उत्साहपूर्वक भाग लिनुपर्नेमा जोड दिनु भयो ।

नेवा खल रामबजार शाखाका सभापति भगवान राजभण्डारीको सभापतित्वमा भएको समारोहमा सुशील कुमार गोशली, मनवीर गुरुङ्ग, भक्तराज श्रेष्ठ, प्रकाशलाल श्रेष्ठ, समर बहादुर श्रेष्ठ, लगायतकोले बोल्नु भएको थियो ।

समारोहमा भिन्तुना च्यालीमा प्रथम, द्वितिय र तृतिय भएका क्रमशः बगालेटोल, तेर्सापट्टी र भिगु भाय भिगु संस्कृति समूहलाई प्रमुख अतिथि शाक्यले पुरस्कार प्रदान गर्नुभयो । उहाँले केही समय पहिलो तायमचा प्रतियोगितामा पहिलो भएको तेर्सापट्टी समूहलाई पनि पुरस्कार प्रदान गर्नु भएको थियो ।

## बौद्ध प्रवचन

पोखरा ।

"बुद्धधर्म समानतामा विश्वास गर्ने भएकोले त्यस धर्ममा पुरुषलाई जति अधिकार छ, उति नै महिलालाई पनि छ । भगवान बुद्धले महिलालाई आदर सम्मानको दृष्टिले हेर्नुहुन्थ्यो "। उक्त कुरा काठमाण्डौ स्थित अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्रका कोषाध्यक्ष सविता धाख्वाले कार्तिक ७ गते बौद्ध अर्घौ सदनको आमा समूहलाई सम्बोधन गर्दै भन्नु भएको हो । उहाँले सद्धर्ममा महिलाहरु उत्साहपूर्वक लाग्नु पर्ने कुरामा जोड दिनुभयो ।

कार्यक्रममा सदनका पूर्व अध्यक्ष बिल बहादुर गुरुङ्गले आमाहरुले बुद्धधर्मको शिक्षा सिक्नु पर्दछ भन्नु भयो ।

कार्यक्रममा सदनका राजकुमारी गुरुङ्गले धन्यवाद ज्ञापन गर्नु भएको थियो ।

## निःशुल्क आँखा उपचार शिविर

बाग्लुङ्ग

ढिलो गरि प्राप्त समाचार अनुसार ज्ञानोदय बुद्ध विहार बाग्लुङ्गले आषाढ पूर्णिमा, भगवान बुद्धको ५ संयोग परेको उपलक्ष्यमा निशुल्क आँखा शिविर सचालन गरेको थियो । उक्त शिविरमा बाग्लुङ्ग नगर पालिका भित्रका २०५ जना आँखाका विरामीहरुले परिक्षण र औषधी प्राप्त गरेका थिए । त्यस मध्ये ३ जना विरामीको मोतिविन्दु भएको थियो । सो शिविरमा नेपाल नेत्रज्योति संघ, आँखा अस्पताल बाग्लुङ्गले सहयोग पुऱ्याएको थियो । कार्यक्रमवाट जनमानसमा प्रत्यक्ष सहयोग पुगेको उपस्थित जन समूहवाट व्यक्त भएको थियो । यस्तै अन्य फाइदा पुऱ्याउने सिलसिलामा आउँदो जनै पूर्णिमाको उपलक्ष्य पारी १ वर्ष देखि ५ वर्षसम्मका बाल वालिकाको स्वस्थ्य परिक्षण, स्वस्थ्य प्रतियोगिता र निःशुल्क औषधी वितरण हुने विहार समितिका अध्यक्ष मुकुन्द शाक्यवाट जानकारी प्राप्त भएको छ ।

विश्व शान्तिस्तूपमा कार्तिक १५ गते हुने

## वार्षिक पूजाको

सफलताको हार्दिक कामना गर्दछौं ।

**श्रद्धेय अनगारिका धर्मशिला**

गुरुमाको ४७ औं वार्षिक पुण्य तिथिको

अवसरमा उहाँ प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं

र

गुरुमाको नाममा स्थापित **धर्मशिला विद्वत वृत्ति** प्राप्त गर्नुहुने

**भिक्षु सुशीललाई**

हार्दिक शुभकामना ब्यक्त गर्दछौं ।

# HOTEL FEWA PRINCE PVT. LTD.

SPECIAL DISCOUNT OFFER

on

- Room
- Swimming Poll
- Food & Beverage

**Our facilities**

- Ample Car Parking
- Garden Facilities
- We Organize Children Party, Meeting, Conference, Outdoor Catering, Marriage Party and Many More

**For More Information**

*Pokhara:* Tel: 524701 Fax: 524881

Email: fprince@cnet.wlink.com.np


*Kathmandu:*

Tel: 254123 / Fax: 241721

Email:hotel@fewaprince.wlink.com.np

Website: www.fewaprince.com

का.जि.द.नं. ३३/०५३/०५४
हुलाक दर्ता नं. ०१/०५८/०५९



स्व. अनगारिका धर्मशीला

Wondershare PDFelement